# हाम्रो झिमरुक

## कक्षा-२

**लेखक तथा सम्पादक**
शशी पन्थी
दीपा खनाल
मनोजविक्रम सिंह

**प्रकाशक**

झिमरुक गाउँपालिका
**गाउँ कार्यपालिकाको कार्यालय**
**शिक्षा, युवा तथा खेलकुद शाखा**
भ्यागुते, प्यूठान

*स्थानीय पाठ्यक्रममा आधारित कार्यपुस्तक*



विद्यार्थीको नामः ..........................................................................................

रोल नं. ........................... सम्पर्क नं. ......................................................

विद्यालयको नामः ..........................................................................................

अभिभावकको नामः ..........................................................................................

यस पाठ्यपुस्तक सम्बन्धी सम्पूर्ण अधिकार झिमरुक गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय भ्यागुते, प्यूठानमा रहेको छ। झिमरुक गाउँपालिकाको आधिकारिक स्वीकृति बिना यस किताबको प्रतिलिपिकरण गरी प्रकाशन गर्न पाइने छैन।

**पुस्तक** : हाम्रो झिमरुक कक्षा २

**संस्करण** : वि.सं. २०८१ (पहिलो)

**प्रकाशित थान** : .............

**प्रकाशक** : झिमरुक गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय

**सर्वाधिकार** : प्रकाशकमा

**लेआउट** : हरि विक्रम विशंखे

**फोटो** : मोहन वि.सी., हेमराज शर्मा, शेरचन्द्र के.सी., सूर्य जि.एम., कर्णबहादुर जि.सी., सम्झना के.सी.

# प्रकाशकीय

झिमरुक गाउँपालिकाले तयार गरेको स्थानीय पाठ्यक्रम हाम्रो झिमरुकका विषयवस्तु, क्षेत्र र क्रममा आधारित रहेर तयार गरिएको यो हाम्रो झिमरुक नामक पाठ्यपुस्तक प्रकाशन गरिएको छ। झिमरुक गाउँपालिकाको परिचय; झिमरुकको धार्मिक, सांस्कृतिक, सामाजिक मूल्य, मान्यता र जीवनशैली; झिमरुकका वन्यजन्तु, वनस्पति र जडीबुटी; झिमरुकमा सम्बद्ध आर्थिक क्रियाकलापहरू; झिमरुकका समस्या र विकृति; जलवायु परिवर्तन र विपद्; जीवनोपयोगी सिप र झिमरुकको विकास तथा सम्भावना जस्ता विषयहरू यस पाठ्यपुस्तकमा समेटिएका छन्। यसका साथै बोल्ने कला, व्यावहारिक सिप तथा स्थानीय खेल, विपद् तथा फोहोर व्यवस्थापन, सामाजिक कार्य, सेवा प्रदायक संघ संस्थाबारे लेखिएका सामग्रीले यस पाठ्यपुस्तकमा स्थान पाएका छन्।

प्राथमिक तहका बालबालिकाहरूलाई स्थानीय भूगोलको परिचय, परम्परागत संस्कार र संस्कृति, स्थानीय पेसा, व्यवसाय र सिपबारे ज्ञान दिने उद्देश्यले तयार गरिएको स्थानीय पाठ्यक्रमको परिधिमा रहेर यो पाठ्यपुस्तक तयार गरिएको छ। पाठ्यपुस्तक प्रकाशनका दृष्टिले यो हाम्रो गाउँपालिकाको पहिलो प्रयास हो। स्थानीय पाठ्यक्रम निर्माणका क्रममा पाठ्यक्रम निर्माण कार्यदलले सबै वडामा पुगेर सबै जातजाति र समुदायका जानकार व्यक्तिहरूसँग राय सुझाव लिएको थियो। उक्त पाठ्यक्रमका आधारमा विज्ञ समूहले झिमरुक गाउँपालिकाले तोकेको मापदण्ड पूरा गरी विषयविज्ञ र सरोकारवालाहरूसँग सल्लाह, सुझाव संकलन गरी पाठ्यपुस्तक लेखनको कार्य सम्पन्न गरेको छ।

पहिलो प्रयास भएकाले यसमा केही कमी कमजोरी भएका हुन सक्छन्। पाठ्यपुस्तक विद्यार्थीको हातमा पुगेपछि शिक्षक तथा विद्यार्थीहरूबाट समेत प्राप्त हुने तथ्यपरक, रचनात्मक सल्लाह र सुझावलाई ग्रहण गरी तिनलाई आगामी दिनमा परिमार्जन तथा पाठ्यपुस्तक लेखनमा समावेश गरिने छ।

प्रस्तुत लेखनका लागि प्राविधिक संयोजन गर्ने विषयविज्ञ तथा लेखकहरू शशी पन्थी, दीपा खनाल, मनोजविक्रम सिंह तथा भाषागत शुद्धीकरणमा काम गर्नुहुने विनोद अधिकारी र पार्वता पन्थीप्रति हार्दिक आभार व्यक्त गर्दछौं। साथै कम्प्युटर सेटिङ तथा डिजाइनिङका लागि एनी टाइम प्रेस काठमाडौंप्रति आभारी छौं। झिमरुक गाउँपालिकाको स्थानीय पाठ्यक्रम शैक्षिक सत्र २०८१ वैशाखदेखि कार्यान्वयनमा ल्याइएको हो। शैक्षिक सत्र २०८२ देखि हामीले हाम्रो झिमरुकको कक्षा १ देखि ५ सम्मको पाठ्यपुस्तक प्रकाशन गरेका छौं।

**झिमरुक गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय**

**भ्यागुते, प्यूठान**

# हाम्रो भनाइ

प्रस्तुत पाठ्यपुस्तक झिमरुक गाउँपालिकाले तयार पारेको स्थानीय पाठ्यक्रम हाम्रो झिमरुकको विषयवस्तु, क्षेत्र र क्रममा आधारित छ। हाम्रो झिमरुक स्थानीय पाठ्यक्रमका आधारमा यस पुस्तकमा समेटिएका विषयवस्तुहरूअन्तर्गत पहिलो एकाइमा झिमरुकको परिचय, दोस्रो एकाइमा झिमरुकको धार्मिक, सांस्कृतिक, सामाजिक मूल्य, मान्यता र जीवनशैली, तेस्रो एकाइमा झिमरुकका वन्यजन्तु, वनस्पति र जडीबुटी, चौथो एकाइमा झिमरुकमा सम्बद्ध आर्थिक क्रियाकलापहरू, पाँचौं एकाइमा झिमरुकका समस्या र विकृति, छैठौं एकाइमा जलवायु परिवर्तन र विपद्, सातौं एकाइमा जीवनोपयोगी सिप, र आठौं एकाइमा झिमरुकको विकास र सम्भावनासँग सम्बन्धित विषयवस्तुहरूलाई समेटिएको छ। यसरी तयार पारिएको पाठ्यपुस्तकमा जम्मा आठ वटा एकाइहरू र चौध वटा पाठहरू रहेका छन्।

यस पाठ्यपुस्तक लेखनको क्रममा आवश्यक सूचना सङ्कलनमा सहयोग गर्नु हुने झिमरुक गाउँपालिकाका अध्यक्ष श्री पितवहादुर महतरा क्षेत्री, उपाध्यक्ष श्री प्रमोद पोखेल, प्रमुख प्रशासकीय अधिकृत श्री विकास के.सी., वडा १ देखि ८ सम्मका वडा अध्यक्ष ज्यूहरू क्रमशः श्री ध्रुवराज खनाल, श्री कृष्ण प्रसाद पोखेल, श्री मिनबहादुर खत्री, श्री सिताराम पोखेल, श्री दधिराम पोखेल, श्री धनबहादुर पुन, श्री कृष्णबहादुर जि.सी, श्री तुलसबहादुर बस्नेत, सूचना अधिकारी श्री हरि प्रसाद पोखेल, कृषि अधिकृत श्री टेकबहादुर वि.क, कृषि अधिकृत श्री तृसना जि.सी, रोजगार संयोजक श्री सुदर्शक जि.सी, लेखा अधिकृत श्री पिताम्बर मरासिनी, लेखापाल श्री अरविन्द महत, सब इन्जिनियर श्री अर्जुन बिक्रम जि.सी, उद्यम विकास सहजकर्ता श्री सिता वि.क, पोषण स्वयंसेवक श्री सम्झना के.सी, झिमरुक गाउँपालिकामा अवस्थित विद्यालयका सम्पूर्ण प्रधानाध्यापकज्यूहरू, पूर्व प्र. अ. श्री राजेन्द्र विक्रम सिँहलगायत प्रत्यक्ष तथा अप्रत्यक्ष रूपले हामीलाई सहयोग गर्नु हुने सम्पूर्ण महानुभावहरूलाई विशेष धन्यवाद दिन चाहान्छौं। पाठ लेखनका क्रममा विशेष सहयोग तथा योगदान गर्नु हुने पाठ्यक्रम विकास कार्यदल संयोजक श्री मोहन वि. सी. शिक्षा अधिकृत, सदस्यहरू श्री बालाराम पोखेल मा. वि. द्वितीय, बालशिक्षा मा. वि. मच्छी, श्री पुष्प राना प्राविधिक सहायक (शिक्षा), हेमराज शर्मा नि. मा. वि. तृतीय, सत्य मा. वि. तुषारा, श्री शेरचन्द्र के.सी प्रा. वि. तृतीय, प्रभात मा. वि. आहालखोला, श्री सूर्य जि. एम. प्रा. वि. तृतीय, अमरसिंह मा. वि. सौतामारे, श्री कमल जि. सी. प्रा. वि. तृतीय, ज्ञानज्योति आ. वि. गब्दी, तुषारालगायत लक्ष्मी मा. वि. बाङ्गेमरोटका प्रधानाध्यापक श्री कर्णबहादुर जि. सी. प्रति आभारी छौं।

जुनसुकै पाठ्यक्रम तथा त्यसका आधारमा तयार गरिने पाठ्यपुस्तक समयको आवश्यकतासँगै निरन्तर परिवर्तन भइरहन्छन्। यो हाम्रो झिमरुक लेखनको पहिलो प्रयास भएकाले पाठ्यपुस्तकमा राख्नुपर्ने कतिपय विषयवस्तु, फोटा तथा सन्दर्भहरू नराखिएको हुँदा केही छुटेको तथा केही अपूर्ण पनि हुनसक्छन्। त्यसैले यस पुस्तकको प्रकाशनपछि सम्बन्धित सबैले यसमा सुधार गर्नुपर्ने तथा अनिवार्य समेट्नुपर्ने पक्षका बारेका विभिन्न माध्यमबाट रचनात्मक सुझावहरू दिनुहुनेछ भन्ने विश्वास तथा भरोसा राखेका छौं। हाम्रो झिमरुक हामी सबैको स्थानीय पाठ्यक्रममा आधारित पाठ्यपुस्तक हो त्यसैले यसको प्रभावकारिता बढाउनका लागि हामी झिमरुकवासीहरू लागि परौं भनी अनुरोध गर्न चाहान्छौं। धन्यवाद!

२०८१ चैत्र

लेखक तथा सम्पादक

# विषयसूची


| शीर्षक | पेज नं. |
|---|---|
| **एकाइ एकः झिमरुकको परिचय** | **१ देखि ३२** |
| पाठ १ः भौगोलिक अवस्थिति | २ |
| पाठ २ः झिमरुकको इतिहास (ऐतिहासिक, शैक्षिक तथा पर्यटकीय क्षेत्र) | ११ |
| पाठ ३ः झिमरुकको जनसाङ्ख्यिकी बनोट | १८ |
| पाठ ४ः झिमरुकको प्रशासनिक, सांगठनिक संरचना र सेवा प्रदायक संस्था | २४ |
| सिकाइ उपलब्धि मापनः एकाइ एक | ३१ |
| **एकाइ दुईः झिमरुकको धार्मिक, सांस्कृतिक, सामाजिक मूल्यमान्यता र जीवनशैली** | **३३ देखि ५६** |
| पाठ १ः संस्कार, संस्कृति, सनातन धर्म र चाडपर्व | ३४ |
| पाठ २ मूल्य मान्यता र अनुशासन | ४१ |
| पाठ ३ः जीवनशैली | ४९ |
| सिकाइ उपलब्धि मापनः एकाइ दुई | ५५ |
| **एकाइ तीनः झिमरुकका वन्यजन्तु, वनस्पति र जडीबुटी** | **५७ देखि ६६** |
| पाठ १ः चिनारी उपयोगिता र संरक्षण | ५८ |
| सिकाइ उपलब्धि मापनः एकाइ तीन | ६४ |

| शीर्षक | पेज नं. |
|---|---|
| **एकाइ चारः आर्थिक क्रियाकलाप** | **६७ देखि ८०** |
| पाठ १ः झिमरुकका परम्परागत सिप, कला, पेसा, व्यवसाय, सूचना र प्रविधि | ६८ |
| पाठ २ः पेसा व्यवसायको आधुनिकीकरण | ७४ |
| सिकाइ उपलब्धि मापनः एकाइ चार | ७९ |
| **एकाई ५ः हाम्रा सामाजिक विकृति र निराकरण** | **८१ देखि ९०** |
| पाठ १ः विकृति र निराकरण | ८२ |
| सिकाइ उपलब्धि मापनः एकाइ पाँच | ८९ |
| **एकाइ छः जलवायु परिवर्तन र विपद्** | **९१ देखि ९८** |
| पाठ १ः वातावरण प्रदूषण र विपद् | ९२ |
| सिकाइ उपलब्धि मापनः एकाइ छ | ९७ |
| **एकाइ सातः जीवनोपयोगी सिप** | **९९ देखि १०८** |
| पाठ १ः जीवनोपयोगी सिप | १०० |
| सिकाइ उपलब्धि मापनः एकाइ सात | १०७ |
| **एकाइ आठः हाम्रो विकास र सम्भावना** | **१०९ देखि ११८** |
| पाठ १ः झिमरुकको विकास, सम्भावना, संरक्षण र सहभागिता | ११० |
| सिकाइ उपलब्धि मापनः एकाइ आठ | ११७ |

एकाइ
१

# झिमरुकको परिचय



# पाठ–१ भौगोलिक अवस्थिति

**विषयवस्तुः**

- आफू बसेको वडाको नाम ठेगाना
- आफ्नो समाजका वन, नदी र बाटाहरूका नाम

**विशिष्ट उद्देश्यः**

- आफू बसोबास गरेको वडा क्षेत्रको नाम र ठेगाना बताउन।
- आफ्नो वडाभित्रका प्रमुख खोला, वन र बाटाघाटाका नाम बताउन।

**विस्तृतीकरणः**

- आफ्नो वडाको नाम र ठेगाना
- आफ्नो वडाभित्रका नदी, वन, बाटाघाटाका नाम

**सिकाइ सहजीकरण क्रियाकलापः**

- विद्यार्थीहरूलाई उनीहरू बस्ने वडाको आफ्नो वरपरका नदी, वन र बाटोका अवलोकन गर्न लगाउने।
- विद्यार्थीहरूलाई आफू बसेको वडाका कुराको टिपोट र छलफल गराउने।
- शिक्षकले विद्यार्थीहरूलाई क्षेत्र भ्रमण गराउने।

**सम्भावित प्रश्नहरू (मूल्याङ्कन प्रक्रिया)ः**

- तपाईंको घर झिमरुक गाउँपालिकाको कति नं वडामा पर्छ।
- तपाईंको वडामा कति वटा खोलानाला छन्?
- तपाईं बसेको गाउँका बाटाघाटाका नाम बताउनुहोस्।

**पाठ सम्बद्ध विषयवस्तुमा आधारित छलफल र अन्तरक्रियाः**

- तपाईं बसेको वडाको नं कति हो?
- तपाईं बसेको वडामा वन छ/छैन?
- तपाईं बस्ने टोलको नाम के हो?
- तपाईंको वडा नजिकै रहेको नदी तथा खोल्साको नाम के हो?
- तपाईंको वडा नजिकै रहेको वनको नाम के हो?
- तपाईंको घर नजिक रहेको बाटोको नाम के हो?

# हाम्रो झिमरुक

## १. चित्र हेरौं र बुझौंः












**प्रश्नहरू:**

क) माथि देखाइएको नक्सा कुन कुन वडा को हो ?

उत्तर: ..........................................................................

ख) तपाईं बस्ने टोल कति नं वडामा पर्दछ ?

उत्तर: ..........................................................................

## २. चित्र हेरौं र जानौं :

| | |
|---|---|
|  |  |
| पातीखोरिया सामुदायिक वन | झिमरुक नदी |

**प्रश्नहरू:**

१) माथिको चित्रमा देखिएको वनको नाम के हो?

उत्तर: ..........................................................................

२) माथिको चित्रमा देखिएको नदीको नाम के हो?

उत्तर: ..........................................................................

३) तपाईं बस्ने वडामा कतिवटा वनहरू रहेका छन्?

उत्तर: ..........................................................................

४) तपाईं बस्ने वडामा कुन कुन नदी तथा खोल्साहरू रहेका छन्?

उत्तर: ..........................................................................

## २. पाठ पढौं:



नमस्कार साथीहरू ! मेरो नाम नवीन पोखेल हो। म झिमरुक गाउँपालिकाको वडा नं ४ मा बस्छु। यस वडाको वडा कार्यालय बाङ्गेफेदीमा रहेको छ। यस ठाउँका जमिन भिरालो परेको छ। हाम्रो वरपर रहेका सामुदायिक वनहरू दोभान, वडमेला, चिसापानी, शिद्धकाथान, छहरापाताल हुन्। हाम्रो वरपर रहेका खोलाहरूको नाम न्याउरे खोला, चुँदरी खोला, बाङ्गे खोला, कौछे खोला र गर्तुङ खोला हो। हाम्रो वडाभित्र न्याउरे खोला बाङ्गेवौडा सडक, र चुँधाराफेदी हुराना चौके कम्दले सडक आदि बाटाघाटाहरू पर्छन्।



नमस्कार साथीहरू ! मेरो नाम विमला के. सी. हो। मेरो घर वडा नं ५ मा पर्छ। हाम्रो वडाको वडा कार्यालय मच्छीमा रहेको छ। यहाँको जमिन कतै भिरालो छ भने कतै समथर रहेको छ। मदन भण्डारी राजमार्ग हाम्रो वडा हुँदै गएको छ। यहाँका बाटाहरू ढाँडा आरूपाटा ओखरकोट सडक र मच्छी दमदमे नेपाने ओखरकोट सडक पर्छन्। हाम्रो वडा भएर बग्ने खोलाहरू झिमरुक नदी र गर्तुङ खोला हुन्। हाम्रो वडामा पातीखोरिया, वल्लेखोरे र कुविन्ने सामुदायिक वन पर्छन्।

*(हामी सबैले यसैगरी आफू बस्ने ठाउँ र वडाको बारेमा जानकारी दिन सकिन्छ।)*

### प्रश्नहरू

क) तपाईंको घर झिमरुक गाउँपालिकाको कति नं वडामा पर्छ?

उत्तर: ....................................................................................

ख) तपाईंको वडा कार्यालय कहाँ रहेको छ?

उत्तरः ..................................................................

ग) तपाईंको वडामा कति वटा खोलानाला तथा खोल्साहरू छन्?

उत्तरः ..................................................................

घ) वडा नं ५ को वडा कार्यालय कहाँ रहेको छ?

उत्तरः ..................................................................

## झिमरुक गाउँपालिकामा रहेका वन, नदीनाला र बाटाहरू

| क्र. सं | वनको नाम | वनले छुने वडाहरू | नदी तथा खोल्साको नाम | नदीनाला बग्दा छुने वडाहरू | बाटोको नाम | बाटोले छुने वडाहरू |
|---|---|---|---|---|---|---|
| १ | सौतामारे, हरिया पोखरी सामुदायिक वन | १ | लव्दे खोला, गर्तङ्ग खोला | १<br>४, ५ | लव्देफेदी विङ्गाँडा मोटरबाटो, लव्देफेदी गातिना दुवाचौर वादिकोट मोटरबाटो, मच्छी बाङ्गेफेदी सौतामारे गुल्मी (मदन भण्डारी राजमार्ग) | १ |
| २ | खोप्चापातल कटेरी, रानीवन, कटेरी सामुदायिक वन | २ | अँगारा खोला, चिप्लेटी खोला, छहरा खोला | २ | ढाँडा खोका सिम्लेनी मैदान हुँदै सिम्लेनी वादिकोट मोटरबाटो | २ |

| क्र. सं | वनको नाम | वनले छुने वडाहरू | नदी तथा खोल्साको नाम | नदीनाला बग्दा छुने वडाहरू | बाटोको नाम | बाटोले छुने वडाहरू |
|---|---|---|---|---|---|---|
| ३ | माझमेला, टाँकुराचौर, सिखेटाँकुरा, सुकाब्याङ् खोला सामुदायिक वन | ३ | भैँसे खोला, सिस्ने खोला, छहरे खोला, हुँगाड खोला | ३ | आहालखोला भेडावारी वेओरे मोटरबाटो, आहालखोला हल्ते ढाकेडी मोटरबाटो | ३ |
| ४ | दोभान, छहरापातल, सिद्दकाथान, चिसापानी, वडमेला, चुँदरीखोला सामुदायिक वन | ४ | न्याउरे खोला, काउछे खोला, बाङ्गे खोला, चुँदरी खोला | ४ | न्याउरे खोला वाङ्गे वौडा मोटरबाटो, चुँधाराफेदी हुराना चौके कम्दले मोटरबाटो, झिमरुक रिङ्ग रोड | ४ |
| ५ | पातीखोरिया, वलीखर्रे, कुभिण्डे, पटौटेपातल, बाँदिखोला सामुदायिक वन | ५ | बाँदिखोला,<br>झिमरुक नदी | ५<br>३, ५, ६, ७, ८ | ढाँडा आरूपाटा ओखरकोट मोटरबाटो, मच्छी दमदमे नेपाने ओखरकोट मोटरबाटो | ५ |
| ६ | आमीगैरा ढाँडा, भेडीखर्क, ईश्वरकोट, चिउरेपानी सामुदायिक वन | ६ | ज्यामुरखोला, हाँसीखोला, घुम्नेठाँटी खोला | ६ | खरिवोट दहखोला मर्कावाङ्ग मोटरबाटो, चिसावाङ्ग नेटा मोटरबाटो, तिलहाल्ना मर्कावाङ मोटरबाटो | ६ |

| क्र.सं | वनको नाम | वनले छुने वडाहरू | नदी तथा खोल्साको नाम | नदीनाला बग्दा छुने वडाहरू | बाटोको नाम | बाटोले छुने वडाहरू |
|---|---|---|---|---|---|---|
| ७ | देउराली (कुता), खड्कादेवी, वेदपाखा, भेडीखोर, सालामेला, देउराली (उपल्लोकोट), गतेरा, इख्रादेवी, छिपछिपे, सिखे टाकुरा, सिद्धेश्वरी, रानी, बावरी गैरा सामुदायिक वन र खोपीडाँडा, नौलापानी, रामपानी, अगेरी गैरा, गाडापानी, कोटमेला कबुलियती वन | ७ | गव्दी खोला, कुत खोला, चुनेखोला, काप्रेहोला | ७, ८ | मच्छी ढाँडा स्याउलीघारी तुषारा कुता मोटरबाटो, किटघाट तुषारा मोटरबाटो, स्याउलीघारी काप्रेखोला मोटरबाटो | ७ |
| ८ | इख्राखोला, सुनारखोला, इख्रादेवी, देउराली, मुर्चुल, मनकामना कबुलियती, लालीगुराँस कबुलियती, प्रगतिशील सामुदायिक वन | ८ | गब्दी खोला, इख्राखोला | ७, ८ | ढाँडा गव्दी टिमुरचौर दिहाल्ना मोटरबाटो | ८ |

## अ. सबैले तल दिइएको तालिकामा आ-आफ्नो विवरण भर्नुहोस् :

| | |
|---|---|
| आफ्नो नाम | ........................................................ |
| आफू बस्ने टोलको नाम | ........................................................ |
| गाउँपालिकाको नाम | ........................................................ |
| वडा नं | ........................................................ |
| आफ्नो वडामा भएका नदीनाला, खोल्साहरूको नाम | ........................................................<br>........................................................<br>........................................................ |
| आफ्नो वडामा भएका वनहरूको नाम | ........................................................<br>........................................................ |
| आफ्नो वडामा भएका बाटोघाटोका नाम | ........................................................<br>........................................................ |

## आ. ठिक उत्तरमा रेजा (√) लगाउनुहोस् :

क. बाङ्गेफेदी कति नं वडामा पर्छ?

अ. वडा नं ४ आ. वडा नं ३

इ. वडा नं ५ ई. वडा नं ६

ख. वडा नं ५ को वडा कार्यालय कहाँ रहेको छ?

अ. बाङ्गेफेदी आ. सौतामारेफेदी

इ. मच्छी ई. ओखरकोट

ग. पातीखोरिया वन कति नं वडामा पर्छ?

अ. वडा नं ४ आ. वडा नं ६

इ. वडा नं ५ ई. वडा नं ३

घ. वडा नं ५ को वडा कार्यालय कहाँ छ ?

अ. भ्यागुते आ. सौतामारेफेदी

इ. मच्छी ई. ओखरकोट

## इ. तल दिइएका प्रश्नहरूको उत्तर लेख्नुहोस् :

क) तपाईंको गाउँपालिकाको नाम के हो ?

उत्तरः ....................................................................................

ख) तपाईं बसेको गाउँका बाटाघाटाहरूको नाम बताउनुहोस्।

उत्तरः ....................................................................................

ग) तपाईंको वडामा रहेका कुनै दुईवटा खोलानाला तथा खोल्साहरूको नाम लेख्नुहोस्।

उत्तरः ....................................................................................

# पाठ-२ झिमरुकको इतिहास ऐतिहासिक, शैक्षिक तथा पर्यटकीय क्षेत्र स्थलहरू

**विषयवस्तुः**

- वडाभित्र अवस्थित ऐतिहासिक स्थलको सामान्य परिचय

**विशिष्ट उद्देश्यः**

- आफ्नो वडाभित्रका ऐतिहासिक स्थल मठमन्दिरका नाम बताउन।

**विस्तृतीकरणः**

- आफ्नो वडाभित्रका प्रमुख ऐतिहासिक प्रमुख स्थल र मठमन्दिर

**सिकाइ सहजीकरण क्रियाकलापः**

- तपाईंको वडामा के कस्ता ऐतिहासिक वस्तु तथा पुराना मठमन्दिर छन्? भनी प्रश्न गरी कक्षाको थालनी गर्ने।
- विद्यार्थीहरूलाई स्थलगत क्षेत्रको अवलोकन, भ्रमण गराउने, चित्र प्रदर्शन गराउने।

**सम्भावित प्रश्नहरू (मूल्याङ्कन प्रक्रिया)ः**

- तपाईंको वडामा भएका प्रमुख ऐतिहासिक स्थल तथा मठमन्दिरहरूको नाम लेख्नुहोस्।

**पाठ सम्बद्ध विषयवस्तुमा आधारित छलफल र अन्तरक्रियाः**

- तपाईंको वडामा भएका मठ मन्दिरको नाम के हो?
- तपाईं कुनै मन्दिरमा जानुभएको छ?
- मन्दिरमा के के देख्नुभएको छ ?

## १. चित्र हेरौं र चिनौं :

| | |
|---|---|
|  |  |
| तुषाराकोट | इख्राथान |
|  |  |
| गडीकोट आलमदेवी मन्दिर | वाङ्गेमरोट कोट |

**प्रश्नहरू:**

क) माथि देखाइएका चित्रहरू कुन कुन ऐतिहासिक तथा पर्यटकीय स्थलमा पर्दछन्?

उत्तर: ...........................................................................

ख) माथि देखाइएका स्थानहरूमा तपाईंहरू जानु भएको छ?

उत्तर: ...........................................................................

ग) तपाईं बस्ने वडा तथा टोलमा पर्ने प्रमुख ऐतिहासिक तथा पर्यटकीय स्थलहरू कुन कुन हुन् ?

उत्तर: ...........................................................................

## २. पाठ पढौं, बुझौं :



हामीहरू फुर्सद मिलाएर हाम्रो झिमरुक गाउँपालिकाको विभिन्न ऐतिहासिक स्थलहरू तथा मठमन्दिरहरू घुम्ने गर्दछौं। हाम्रो गाउँपालिकामा ऐतिहासिक स्थलहरू धेरै छन्। सुन्दर ऐतिहासिक तथा पर्यटकीय स्थलहरू गाउँपालिकाका सम्पत्ति हुन्।

झिमरुक वडा नं ३ मा ऐतिहासिक स्थल खड्गकोट मन्दिर रहेको छ। यो क्षेत्र ऐतिहासिक र पुरातात्विक महत्त्वको स्थलका रूपमा रहेको छ। पश्चिमी नेपालमा रहेका बाइसे र चौबिसे राज्यको स्थापना हुनुअघि यहाँ मगर जाट राजाले शासन गरेको पाइन्छ।

ऐतिहासिक स्थल रक गार्डेन हाम्रो गाउँपालिकाको वडा नं ५ ढाँडमा रहेको छ। यो नेपाल सरकारले पहिचान गरेको १०० नयाँ पर्यटकीय गन्तव्य सूचीमा पर्छ। यो गाउँपालिकामा रहेको रक गार्डेन विभिन्न आकार प्रकारका चट्टानहरूको कलात्मक स्वरूपले गर्दा ज्यादै मनमोहक देखिन्छ। ढाँड बजार र झिमरुक नदीको बिचमा रक गार्डेन रहेको छ। यस स्थानबाट झिमरुक नदी, मच्छी बजार, ढाँड बजारलगायतका



पहाडहरूको मनोरम दृश्यावलोकन गर्न सकिन्छ। झिमरुक गाउँपालिकाको पहलमा यस ठाउँलाई थप व्यवस्थित र आकर्षक बनाउने काम भइरहेको छ।

झिमरुक गाउँपालिकामा तुषाराकोट, इख्राथान, दिहाल्नाचौर, भ्यूपार्क, ढुङ्गे बगैंचा, शिवमन्दिर खलापोखरी, भुल्के, गडीकोट आलमदेवी मन्दिर, भगवतीकोट, बराहथान, सिद्धनाथ दहखोलासहित विभिन्न मठमन्दिर, गुफा, चौतारा, भेडी राख्ने चउरलगायतका अन्य महत्वपूर्ण ऐतिहासिक स्थलहरू रहेका छन्।

## अ. बाकसमा ठिक भए (√) बेठिक भए (×) लगाउनुहोस्।

क) ओखरकोट झिमरुक गाउँपालिकामा पर्छ। ☐

ख) रक गार्डेन निकै सुन्दर ठाउँ हो। ☐

ग) ओखरकोटमा बाइसे र चौबिसे राज्यको स्थापना हुनुअघि मगर जात राजाले शासन गरेको पाइन्छ। ☐

## झिमरुक गाउँपालिकामा रहेका ऐतिहासिक स्थलहरू

| वडा नं | ऐतिहासिक स्थलको नाम |
|---|---|
| १ | विड्डाँडा शिवालय मन्दिर, ब्रहामष्ट मन्दिर सौतामारे टाकुरा, नरसिंहथान मन्दिर सौतामारे टाकुरा, ब्रहा मन्दिर बडाचौर, ब्रहा ताल संरक्षण क्षेत्र संरक्षण क्षेत्र, सालारूख मन्दिर बालुवा, कृष्ण मन्दिर सौतामारे, देवीकोट मन्दिर सौतामारे, खड्कोट मन्दिर सौतामारे, शिवालय मन्दिर बडाचौरलगायतका ऐतिहासिक स्थलहरू |

| वडा नं | ऐतिहासिक स्थलको नाम |
|---|---|
| २ | गडीकोट आलमदेवी मन्दिर, श्री कृष्ण मन्दिर काशीपोखरा, हिलेदह, रातापोखरा चौरलगायतका ऐतिहासिक स्थलहरू |
| ३ | मालिकाथान वेवरे, खड्गकोट मन्दिर, ब्रह्माथान दारिमचौर, सिद्धाथान मन्दिरलगायतका ऐतिहासिक स्थलहरू |
| ४ | बराह मन्दिर कौछे, बराह मन्दिर चुँधारा, बाङ्गेकोट भगवती मन्दिर, भुल्के महादेव मन्दिर, चण्डीदेवी मन्दिर हुराना, ब्रह्माथान मन्दिर हुराना, शिवालय मन्दिर चुँधाराफेदी, कृष्ण मन्दिर पोखरचौर, बराखल्टु गोरु बस्ने चौरलगायतका ऐतिहासिक स्थलहरू |
| ५ | वाँदिकोट ओखरकोट खड्गकोट मन्दिर, रातामाटा कुसुण्डे ओडार, शिद्ध मन्दिर भिम टाकुरा, शिवालय मन्दिर हिरापोखरी, खड्क भगवती मन्दिर दमारा, सत्यदेवी मन्दिर अमराइ, शिवालय मन्दिर ढाँड, शिवालय मन्दिर रिपापाखा, वालाजी हनुमानको मन्दिर मच्छीलगायतका ऐतिहासिक स्थलहरू |
| ६ | शिद्ध मन्दिर दहखोला, भोलेबाबा मन्दिर चिसावाङ्, सरस्वती मन्दिर मर्कावाङ, शिद्धानाथ मन्दिर अर्गेली, भुमेथान मन्दिर तोरवाङलगायतका ऐतिहासिक स्थलहरू |
| ७ | तुषारा खड्ककोट मन्दिर, बाह्रभाइ बत्तिसे बराह मन्दिर हितडाँडालगायतका ऐतिहासिक स्थलहरू |
| ८ | इख्राथान, दिहाल्नाचौर, पितृमोचन यज्ञशाला घाटबेंसी गब्दी, खलापोखरी शिव मन्दिर, कालिका मन्दिर टिमुरचौर, शिव गणेशालय मन्दिर गब्दीलगायतका ऐतिहासिक स्थलहरू |

*नोटः हाम्रो झिमरुक गाउँपालिकाका सबै वडाका विभिन्न स्थानहरूमा सुपादेउराली मन्दिर तथा कुल मन्दिरहरू रहेका छन्।*

## अ. ठिक उत्तरमा रेजा (√) लगाउनुहोस् :

क. पर्यटकीय स्थानहरू गाउँपालिकाका के के हुन्?

अ. इज्जत  आ. माया

इ. सम्पत्ति  ई. मन्दिर

ख. ओखरकोटमा बाइसे र चौबिसे राज्यको स्थापना हुनुअघि कुन राजाको दरबार थियो?

अ. मगर जाट  आ. शाह

इ. वाहुन  ई. क्षेत्री

ग. रक गार्डेन कुन गाउँपालिकामा रहेको छ?

अ. मल्लरानी गाउँपालिका  आ. स्वर्गद्वारी नगरपालिका

इ. झिमरुक गाउँपालिका  ई. सरूमारानी गाउँपालिका

घ. ओखरकोट झिमरुक गाउँपालिकाको कति नं वडामा पर्दछ?

अ. ३  आ. ४

इ. ५  ई. ६

## आ. तलका प्रश्नको उत्तर लेख्नुहोस् :

क) तपाईंको वडामा भएका कुनै दुईवटा ऐतिहासिक स्थल तथा मठमन्दिरहरूको नाम लेख्नुहोस्।

उत्तरः ...........................................................................

ख) रक गार्डेन कहाँ रहेको छ ?

उत्तरः ...........................................................................

ग) गडीकोट आलमदेवी मन्दिर कति नं वडामा पर्दछ ?

उत्तरः ...........................................................................

३. तल दिइएको बाकसमा आफूले पूजा गर्ने मन्दिरको चित्र बनाई आकर्षक रङ भर्नुहोस्।

# पाठ–३ झिमरुकको जनसाङ्ख्यिकी बनोट

### विषयवस्तुः

- मेरो छिमेकी

### विशिष्ट उद्देश्यः

- विद्यार्थीहरूले आफ्नो नजिकका छिमेकीका सदस्य सङ्ख्या र जम्मा सदस्य सङ्ख्या बताउन।
- विद्यार्थीले आफ्नो छिमेकीका आफ्नो साइनो (सम्बन्ध)अनुसारको नाता बताउन।
- छिमेकीका मानिसले गर्ने कामहरूको सूची बनाउन।

### विस्तृतीकरणः

- आफ्नो नजिकका छिमेकीका घरधुरी सङ्ख्या
- आफ्नो सदस्य सङ्ख्या छिमेकीको पेसा र नाता सम्बन्ध

### सिकाइ सहजीकरण क्रियाकलापः

- शिक्षकले विद्यार्थीहरूलाई छिमेकीको नातासम्बन्ध देखाई छुट्याउन लगाउने ।
- शिक्षकले विद्यार्थीहरूलाई आफ्नो छिमेकीले गर्ने कामहरू समूहमा छलफल गरी टिपोट गर्न लगाई छलफल गर्ने।

### सम्भावित प्रश्नहरू (मूल्याङ्कन प्रक्रिया)

- तपाईंको छिमेकमा कति घर छन्?
- तपाईंको छिमेकमा जम्मा सदस्य कति छन्?
- छिमेकीसँग तपाईंको नाता लेख्नुहोस्।

**पाठ सम्बद्ध विषयवस्तुमा आधारित छलफल र अन्तरक्रियाः**

क) तपाईंको छिमेकमा कति घर छन् ? बताउनुहोस्।

ख) तपाईंको छिमेकमा कति जना सदस्य हुनुहुन्छ?

ग) तपाईंको छिमेकीसँग नाता के हो?

## १. चित्र हेरौं र बुझौंः





**प्रश्नहरूः**

क) तपाईंको छिमेकमा को को बस्नुहुन्छ?

उत्तरः ..........................................................................

ख) तपाईंको छिमेकीहरूले के काम बस्नुहुन्छ?

उत्तरः ..........................................................................

## २. पाठ पढौं, बुझौं :

मेरो नाम विवेक रोका मगर हो। म ओखरकोटमा बसोबास गर्छु। हाम्रो घरमा हजुरबुबा, हजुरआमा, बुबा, आमा, काका र म गरी जम्मा ६ जना बस्छौं। हाम्रो घरसँगै चन्दनको घर छ त्यसैले चन्दन मेरो छिमेकी पनि हुन्। चन्दन उनका बुबा र आमाका साथमा बस्छन्। उनीहरूको परिवारमा तीन जना मात्र छन्। आमा असल शिक्षक हुनुहुन्छ र बुबाले घरमै काम गर्नुहुन्छ।



अगाडितिरको घरमा सीताका आमाबुबा र उनका दुई छोराहरू बस्छन्। उनीहरूको परिवारमा ५ जना सदस्यहरू छन्। सीताका आमा बुबाले हाम्रो गाउँमा तरकारी खेती गर्नुहुन्छ। कृषि कार्य गर्ने मानिसलाई किसान भनिन्छ।

हाम्रो घरको छेउमा काजी काका र उहाँकी श्रीमती बस्नुहुन्छ। उहाँका सपना र ज्योति नाम रहेका दुई छोरीहरू छन्। काकाको परिवारमा ४ जना हुनुहुन्छ। सपनाले कक्षा ३ र ज्योति कक्षा १ मा पढ्छन्। काजी काका गाडी चलाउने काम गर्नुहुन्छ। गाडी चलाउने मानिसलाई चालक भनिन्छ ।

हाम्रा छिमेकीहरू धेरै हुनुहुन्छ। हाम्रो छिमेकमा ८ वटा घरहरू रहेका छन्। छिमेकीहरू ३१ जना रहेका छौं। हामी साँझको समयमा सँगै खेल्न, कथा सुनाउन र एकअर्काको परिवारका बारेमा कुरा गर्न जुट्छौं। छिमेकीका सदस्यहरू किसान, शिक्षक, सिकर्मी, डकर्मी, व्यापारी, चालक, प्रहरी, डाक्टर, इन्जिनियर आदि हुनुहुन्छ। मैले मेरा छिमेकीहरूलाई हजुरबुबा, हजुरआमा, काका, काकी, ठूलो बुबा, ठूली आमा, दाइ, दिदी, भाइ, बहिनीजस्ता नाता लगाएर उहाँहरूलाई बोलाउने गर्छु। छिमेकमा प्रयोग गरिने नाता सम्बन्धले हाम्रो सम्बन्धलाई अझ सुमधुर बनाउँछ।

### अ. ठिक उत्तरमा रेजा (√) लगाउनुहोस् :

क. आफ्नो घरको नजिकैको बसोबास गर्ने मानिसलाई के भनिन्छ?

अ. परिवार आ. नातेदार

इ. छिमेकी ई. साथीभाइ

ख. छिमेकीसँग बोल्दा कसरी बोल्नुपर्छ?

अ. नाता लगाएर | आ. छलकपट गरेर
इ. हेला गरेर | ई. दुर्व्यवहार गरेर

ग. गाडी चलाउने मानिसलाई के भनिन्छ?

अ. पाइलट | आ. चालक
इ. शिक्षक | ई. इन्जिनियर

घ. खेतबारीमा गरिने कामलाई के भनिन्छ?

अ. सिलाइबुनाइ | आ. परिवार
इ. कृषि | ई. छिमेकी

## आ. तलका प्रश्नको उत्तर लेख्नुहोस् :

क) छिमेकी कसलाई भनिन्छ?

उत्तरः ..........................................................................

ख) गाउँका मानिसहरूले कुन कुन पेसा गर्छन्?

उत्तरः ..........................................................................

ग) तपाईंको छिमेकमा कति वटा घरहरू रहेका छन्?

उत्तरः ..........................................................................

घ) तपाईंको छिमेकमा जम्मा कति जना सदस्यहरू हुनुहुन्छ?

उत्तरः ..........................................................................

## ३. कविता पढौं र बुझौं :

कवयित्रीः *तिला पन्थी (सुस्मिता)*

सरस्वती माता विद्याकी दाता
अज्ञान हामी लगाउन साथ।

सेतो र सफा तिमीलाई देख्छौं
कलमको लौरी कागजमा टेक्छौं।

बाँड्नेछौं हामी ज्ञानको बिउ
विद्याकी माता हामीलाई देउ।

हाँसको साथमा तिमी नै हिँड्छौ
वीणा र पुस्तक हातमा लिन्छौ।

### प्रश्नहरू

क) विद्याकी दाता को हुन्?

उत्तरः ................................................................................

ख) हामीले के बाँड्ने छौं?

उत्तरः ................................................................................

ग) सरस्वती माता के मा हिँड्नुहुन्छ?

उत्तरः ................................................................................

४. परियोजनात्मक कार्यः तल दिइएको चित्रमा उचित रङ भर्नुहोस् :



# पाठ–४ झिमरुकको प्रशासनिक सांगठनिक संरचना र सेवा प्रदायक संस्था

**विषयवस्तुः**

- गाउँपालिकाभित्रका वडाको सङ्ख्या र नाम
- विद्यालय व्यवस्थापन समिति तथा विद्यालयले प्रदान गर्ने सेवा

**विशिष्ट उद्देश्यः**

- झिमरुक गाउँपालिकाका वडा सङ्ख्या र स्थान बताउन।
- विद्यालयले प्रदान गर्ने शैक्षिक तथा प्रशासनिक सेवाहरू उल्लेख गर्न।

**विस्तृतीकरणः**

- आफ्नो गाउँपालिकाका ८ वटै वडाहरू र स्थान
- विद्यालयले विद्यार्थी तथा समुदायलाई प्रदान गर्ने शैक्षिक तथा प्रशासनिक सेवा

**सिकाइ सहजीकरण क्रियाकलापः**

- शिक्षकले विद्यार्थीहरूलाई गाउँपालिकामा कति वडा छन् र ती कहाँ छन् ? भन्ने प्रश्न गर्ने।
- तपाईंलाई विद्यालयले के के सेवा दिएको छ? भन्ने प्रश्न विद्यार्थीहरूलाई गर्ने।
- शिक्षकले झिमरुक गाउँपालिकाको वडा सङ्ख्या खुलेको नक्सा प्रस्तुत गर्ने।
- शिक्षकले विद्यालयको वडापत्र प्रस्तुत गर्दै विद्यालयले प्रदान गर्ने सेवाहरू टिपोट गर्न हेर्न लगाउने।

**सम्भावित प्रश्नहरू (मूल्याङ्कन प्रक्रिया)**

- तपाईंको गाउँपालिकाको वडा सङ्ख्या र स्थान बताउनुहोस्।
- विद्यालयले प्रदान गर्ने कुनै दुई वटा शैक्षिक तथा प्रशासनिक सेवाहरू तालिका बनाई प्रस्तुत गर्नुहोस्

**पाठ सम्बद्ध विषयवस्तुमा आधारित छलफल र अन्तरक्रियाः**

- तपाईं बस्ने ठाउँ कति नं वडामा पर्छ?
- तपाईंको गाउँपालिकामा कति वडा छन्?
- तपाईंले पढ्ने विद्यालयले तपाईंलाई के सेवा दिएको छ?

## १. चित्र हेरौं र बुझौं

| | | |
|---|---|---|
|  |  |  |
| वडा नं १ | वडा नं २ | वडा नं ३ |
|  |  |  |
| वडा नं ४ | वडा नं ५ | वडा नं ६ |
|  |  |  |
| वडा नं ७ | वडा नं ८ | झिमरुक गाउँपालिका |

## प्रश्नहरू:

क) हाम्रो झिमरुक गाउँपालिकामा कति वटा वडाहरू रहेका छन्?

उत्तरः ......................................................................................

ख) माथि दिइएका नक्साहरू हेरी आफ्नो वडा पहिचान गर्नुहोस्।

ग) आफू बस्ने वडा पहिचान गरी आफ्नो वडाको नक्सामा रेजा (√) लगाउनुहोस्।



मेरो नाम लक्ष्मी विश्वकर्मा हो। म झिमरुक गाउँपालिका वडा नं. १ सौतामारेफेदीमा बस्छु। हाम्रो वडाको वडा कार्यालय सौतामारेफेदीमा रहेको छ। मलाई हाम्रो गाउँपालिकाको सबै वडाको वडा कार्यालयहरू रहेको स्थानबारे जानकारी छ। वडा कार्यालयले सम्बन्धित वडाका मानिसहरूलाई नियमित सेवा प्रदान गर्छ। वडा नं. २ को वडा कार्यालय बाँदिकोटमा रहेको छ। वडा नं. ३ को वडा कार्यालय डाँडाडिहीमा रहेको छ। वडा नं ४ को वडा कार्यालय कौछेटारीमा रहेको छ। वडा नं. ५ को वडा कार्यालय मच्छीमा रहेको छ। वडा नं. ६ को वडा कार्यालय

तोरवाङमा रहेको छ। वडा नं. ७ को वडा कार्यालय तुषारामा रहेको छ। वडा नं ८ को वडा कार्यालय ...................... मा रहेको छ।

**प्रश्नहरू:**

क) तपाईंको वडा कार्यालय कहाँ रहेको छ?

उत्तर: ..............................................................................

ख) लक्ष्मी विश्वकर्मालाई जस्तै तपाईंलाई पनि अन्य ७ वटा वडा कार्यालयहरू रहेको स्थानहरूबारे जानकारी छ?




मेरो विद्यालय श्री सत्य माध्यमिक हो। हामीहरूले विद्यालयबाट पठनपाठनलगायतका शैक्षिक तथा प्रशासनिक सेवाहरू पाउने गर्छौं। विद्यालयले विद्यार्थीहरूलाई गुणस्तरीय शिक्षाका साथै बालबालिकाहरूमा रहेको अन्तर्निहित प्रतिभा प्रस्फुटन गराउने, सक्षम नागरिक उत्पादन गराउने कार्य गर्दछ। विद्यालयले प्रदान गर्ने सेवाहरू विद्यार्थीहरूको शैक्षिक र सामाजिक जीवनमा महत्त्वपूर्ण भूमिका खेल्छ। शिक्षक शिक्षिकाहरूले विषयहरूको गहिरो ज्ञान र अनुभवका साथ शिक्षण

गर्नुहुन्छ। पुस्तकालयमा विभिन्न पुस्तक, पत्रिका र अनुसन्धान सामग्रीहरू उपलब्ध हुन्छन्। विद्यार्थीहरूले विद्यालयमा अध्ययन अनुसन्धान गरी आफ्नो ज्ञान बढाउन सक्छन्।

विद्यालयले खेलकुद तथा शारीरिक शिक्षालगायत अतिरिक्त क्रियाकलाप सञ्चालन गर्दछ, जस्तैः संगीत, नृत्य, चित्रकला, वक्तृत्वकला आदि। यस्ता गतिविधिहरूले विद्यार्थीहरूको सिर्जनात्मक तथा रचनात्मक विकासमा सहयोगी हुन्छन्। विद्यालयले अतिरिक्त क्रियाकलापमार्फत विद्यार्थीहरूको समग्र व्यक्तित्व विकासमा सहयोग गर्दछ।

## अ. ठिक उत्तरमा रेजा (√) लगाउनुहोस्।

क. विद्यालयमा के प्रदान गरिन्छ ?

अ. इज्जत | आ. संगीत

इ. शिक्षा | ई. नृत्य

ख. पढाइबाहेक विद्यालयमा के हुन्छ ?

अ. अतिरिक्त क्रियाकलाप | आ. पठनपाठन

इ. औषधी उपचार | ई. नृत्य

ग. वडा कार्यालयले के काम गर्छ ?

अ. शिक्षा | आ. खेतीबारी

इ. उपचार | ई. नियमित सेवा प्रदान

घ. अतिरिक्त क्रियाकलापले के गर्छ ?

अ. व्यावहारिक सहयोग | आ. समग्र व्यक्तित्व विकास

इ. शैक्षिक विकास | ई. शारीरिक विकास

## आ. ठिक भए (✓) बेठिक भए (×) चिह्न लगाउनुहोस् :

क) विद्यालयले हामीलाई शैक्षिक र प्रशासनिक सेवा दिन्छ। ☐

ख) विद्यालयमा पढाइभन्दा धेरै अतिरिक्त क्रियाकलाप हुन्छ। ☐

ग) झिमरुक गाउँपालिकामा कूल ८ वडा रहेका छन्। ☐

## इ. तलका प्रश्नको उत्तर लेख्नुहोस् :

क) झिमरुक गाउँपालिकामा रहेका वडा र स्थान लेख्नुहोस्।

उत्तरः ..........................................................................

ख) तपाईं बसेको वडा र स्थान लेख्नुहोस्?

उत्तरः ..........................................................................

ग) विद्यालयले हामीलाई कस्ता सेवा दिन्छ?

उत्तरः ..........................................................................

घ) पुस्तकालयमा कस्ता सामग्रीहरू पाइन्छन्?

उत्तरः ..........................................................................

## २. पढौं र बुझौं:

झिमरुक गाउँपालिकामा नदीनाला तथा खोल्साहरू पनि छन्। अग्ला पहाडबाट बग्ने नदीनालाहरूबाट बिजुली निकाल्न सकिन्छ। बिजुली घामबाट पनि निकाल्न पनि सकिन्छ। घामबाट निकालिने शक्तिलाई सौर्य ऊर्जा भनिन्छ। हामीहरूले हावाबाट पनि बिजुली निकाल्न सक्छौं। विश्वमा बिजुलीको प्रयोग दिनानुदिन बढ्दै गइरहेको छ। आजभोलि बिजुलीबाट चल्ने साधनहरूको प्रयोग बढ्दै गएको छ। बिजुलीबाट यातायातका साधनहरू चलाउन सकिन्छ। घरमा बत्ती बाल्न, कार्यालयमा कम्प्युटर चलाउन बिजुली नभई हुँदैन।

## प्रश्नहरू

क) नदीनालाहरूबाट के निकाल्न सकिन्छ?

उत्तर: ...............................

ख) घामबाट निकालिने शक्तिलाई के भनिन्छ?

उत्तर: ...............................

ग) बिजुली किन नभई हुँदैन?

उत्तर: ...............................

| वडा नं. | वडा कार्यालय रहेको स्थान |
|---|---|
| १ | सौतामारेफेदी |
| २ | बाँदिकोट |
| ३ | डाँडाडिही |
| ४ | काउछेटारी |
| ५ | मच्छी |
| ६ | तोरवाङ |
| ७ | तुषारा |
| ८ | .................... |

**३. तपाईंले अध्ययन गर्ने विद्यालयबाट तपाईंले के कस्ता सेवाहरू पाउनुभएको छ? आफ्नो अभिभावकलाई सोधेर तीनवटा सेवाहरूको सूची तयार गरी लेख्नुहोस्।**

| क्र.सं | विद्यालयले प्रदान गर्ने सेवाहरू |
|---|---|
| १ | ......................................................... |
| २ | ......................................................... |
| ३ | ......................................................... |

# सिकाइ उपलब्धि मापन

## कक्षाः हाम्रो झिमरुक कक्षा २ (एकाइ एक)

### १. जोडा मिलाउनुहोस् :

| | |
|---|---|
| ऐतिहासिक स्थल | शैक्षिक सेवा |
| विद्यालय | खड्गकोट |
| झिमरुकमा | आफ्नो घर नजिकको मानिस |
| छिमेकी | ८ वटा वडा कार्यालय |

### २. मिल्ने शब्द छानेर खाली ठाउँ भर्नुहोस् :

हात, ढुङ्गेबगैंचा, सुन्दर, नाता, अतिरिक्त, साथ

१) हामीले छिमेकीलाई दुःख पर्दा ...................... दिनुपर्छ।

२) विद्यालयमा ...................... पढाइ हुनेगर्छ।

३) छिमेकीसँग ...................... लगाएर बोल्नुपर्छ।

४) रक गार्डेन निकै ...................... ठाउँ हो।

### ३. बाकसमा ठिक भए (✓) बेठिक भए (×) चिह्न लगाउनुहोस् :

क) ओखरकोट झिमरुक गाउँपालिकामा पर्छ। ☐

ख) झिमरुक गाउँपालिकामा ऐतिहासिक स्थलहरू छन्। ☐

ग) विद्यालयले शैक्षिक सेवा प्रदान गर्दैन। ☐

घ) दुःख पर्दा छिमेकीलाई साथ दिनु पर्छ। ☐

ङ) हामी छिमेकीसँग मिलेर बस्नु पर्छ। ☐

## ४. तलका प्रश्नहरूको छोटो उत्तर लेख्नुहोस्:

क) तपाईं कति नं वडामा बस्नुहुन्छ?

उत्तरः ..........................................................................

ख) छिमेकी कसलाई भनिन्छ? लेख्नुहोस्।

उत्तरः ..........................................................................

ग) तपाईंको गाउँपालिकाको वडा सङ्ख्या र स्थान बताउनुहोस्।

उत्तरः ..........................................................................

घ) विद्यालयले हामीलाई कुन सेवा दिन्छ?

उत्तरः ..........................................................................

## ५. तपाईंको वडामा रहेका दुई दुई वटा खोलानाला, वन र बाटोघाटोहरूको नाम लेख्नुहोस्।

| खोलानालाहरूको नाम | वनहरूको नाम | बाटोघाटोहरूको नाम |
|---|---|---|
| .............................. | .............................. | .............................. |
| .............................. | .............................. | .............................. |

समाप्त।

एकाइ
२

# झिमरुकको धार्मिक सांस्कृतिक सामाजिक मूल्यमान्यता र जीवनशैली



# पाठ–१ संस्कार, संस्कृति, सनातन धर्म र चाडपर्व

**विषयवस्तुः**

- हाम्रा चाडपर्व

**विशिष्ट उद्देश्यः**

- विद्यार्थीहरूले छिमेकीका जातजाति र तिनीहरूले मान्ने धर्म बताउन।
- आफ्नो समुदायले मान्ने धर्म र राष्ट्रिय चाडका नाम उल्लेख गर्न।

**विस्तृतीकरणः**

- स्थानीय आफ्ना आफ्ना छिमेकका जातजाति र धर्म पहिचान
- आफू बसेको समुदायको मानिसहरूले मान्ने मुख्य संस्कार, धर्म राष्ट्रिय चाडपर्वहरू

**सहजीकरण क्रियाकलापः**

- तपाईंहरू बस्ने समुदायमा कुन कुन जातजाति धर्म मान्ने मानिसहरू बस्छन्?
- तपाईंको समुदायका मानिसहरूले मनाउने मुख्य राष्ट्रिय चाडपर्वहरू भन्न सक्नुहुन्छ? जस्ता प्रश्नहरू गर्दै कक्षा सुरूवात गर्ने।
- हाम्रा स्थानीय स्तरका धर्महरूको धार्मिक तथा सांस्कृतिक स्थलहरूको चित्र प्रदर्शन गर्ने
- धार्मिक स्थलहरूको अवलोकन भ्रमण गराउने।
- शिक्षकले उक्त समुदायको विभिन्न जातजाति धर्म र राष्ट्रिय चाडको सूची प्रस्तुत गर्ने।

**सम्भावित प्रश्नहरू (मूल्याङ्कन)ः**

- तपाईंको स्थानीय स्तरमा भएका जातजाति र धर्मको नाम लेख्नुहोस्।
- तपाईंका समुदायका मानिसहरूले मनाउने कुनै दुई राष्ट्रिय चाडको नाम लेख्नुहोस्।

**पाठ सम्बद्ध विषयवस्तुमा आधारित छलफल र अन्तरक्रियाः**

क) तपाईंले कुन कुन धर्मको नाम जान्नुभएको छ?

ख) तपाईंको समुदायमा कुन कुन धर्म मान्ने मानिसहरू बस्नुहुन्छ?

ग) तपाईंको समुदायमा बस्ने मानिसहरूले कुन कुन चाडपर्व मान्नुहुन्छ?

## १. चित्र हेरौं र बुझौंः









**प्रश्नहरूः**

क) माथिका चित्रहरू कुन समुदायसँग जोडिएका छन्?

उत्तरः ..........................................................................

ख) कुन धर्मसँग जोडिएका छन्?

उत्तरः ...........................................................................

## २. पाठ पढौं :

हाम्रो झिमरुक गाउँपालिका धर्म र संस्कृतिका आधारमा विविधतामा एकता भएको गाउँपालिका हो। हाम्रो समुदायमा हिन्दु, बौद्ध, इस्लाम, क्रिस्चियन र अन्य धर्म मान्ने तथा जातजातिका मानिसहरू बसोबास गर्दछन्। सबैले आ-आफ्नो धर्म संस्कृतिअनुसार चाडपर्व मनाउने गर्दछन्। यहाँ बसोबास गर्ने धेरैजसो मानिसहरू हिन्दु रहेका छन्। चाडपर्व विशेषमा हाम्रो समुदायका घरघरमा फरक फरक किसिमको रमाइलो देखिन्छ।

हाम्रो झिमरुकमा बाहुन, क्षेत्री, मगर, दमाईं, विश्वकर्मा, गुरुङ, नेवार, मुस्लिम तथा बौद्धमार्गी समुदायहरूका जातजाति बसोबास गर्दछन्।

हाम्रो झिमरुकमा हिन्दु, बौद्ध, क्रिश्चियन, इसाई, धर्मावलम्बीहरू बसोबास गर्दछन्।

### अ. तपाईंको आफ्नो समुदायमा बसोबास गर्ने जातजातिहरूको सूची बनाउनुहोस्।

| | | |
|---|---|---|
| ...................... | ...................... | ...................... |
| ...................... | ...................... | ...................... |

## आ. तपाईंको समुदायमा बसोबास गर्ने धर्मावलम्बीहरूको सूची बनाउनुहोस्।

| | |
|---|---|
| ................................... | ................................... |
| ................................... | ................................... |









हिन्दु धर्मावलम्बीहरूले दशैंको समयमा सबैजना घरमा जम्मा भई मान्यजनबाट टीका तथा आशीर्वाद ग्रहण गर्छन्। साथै तिहारमा देउसी भैलो खेलेर रमाइलो गर्दछन् भने दिदी बहिनीबाट दाजुभाइले टीका ग्रहण गर्दछन्।

हाम्रो समुदायको अर्को घरमा मुस्लिम धर्म मान्ने याकुब दाइको परिवार छ। उहाँहरूले ईद मनाउनुहुन्छ।

हाम्रो समुदायमा क्रिश्चियन धर्म मान्ने एउटा परिवार पनि रहेको छ। उहाँहरू क्रिसमस पर्व धुमधामका साथ मनाउनुहुन्छ।

हामी सबै मिलेर चाडपर्व मनाउँछौं र यसले हाम्रो सम्बन्धलाई अझ प्रगाढ बनाउँछ। चाडपर्व भनेको खुशी बाँड्ने, आफ्ना इष्टमित्र भेटघाट गर्ने, देवी देवताको पूजा गर्ने र रमाउने अवसर हो।

## प्रश्नहरू

| सोधिएका प्रश्न | जवाफ |
|---|---|
| तपाईं बसेका ठाउँका मानिसहरूले मान्ने धर्म कुन कुन हुन् ? | ........................................ |
| इस्लाम धर्म मान्ने मानिसहरूले कुन पर्व मनाउँछन् ? | ........................................ |
| तपाईंले कुन धर्म मान्नुहुन्छ ? | ........................................ |
| तपाईंलाई अरूले मान्ने चाडपर्व कस्तो लाग्छ ? | ........................................ |
| कुन चाडपर्वको समयमा देउसी भैलो खेलिन्छ ? | ........................................ |

### अ. ठिक उत्तरमा रेजा (√) लगाउनुहोस्।

क. तपाईंले कुन धर्म मान्नुहुन्छ?

अ. हिन्दु आ. क्रिश्चियन

इ. बौद्ध ई. किरात

ख. मुस्लिमहरू कुन पर्व मनाउँछन्?

अ. इद आ. तिहार

इ. दसैं ई. होली

ग. झिमरुक गाउँपालिकामा कुन धर्म मान्ने मानिसहरू धेरै छन्?

अ. हिन्दु आ. क्रिश्चियन

इ. बौद्ध ई. अन्य

घ. दसैं, तिहारजस्ता चाडपर्व कसले मनाउँछन्?

अ. हिन्दु आ. क्रिश्चियन

इ. बौद्ध ई. अन्य

## आ. ठिक भए (✓) बेठिक भए (×) चिह्न लगाउनुहोस् :

क) झिमरुक गाउँपालिकामा हिन्दु धर्म मान्ने मानिसहरू बस्दैनन्। ☐

ख) इस्लाम धर्म मान्ने मानिसहरू इद पर्व मनाउँदैनन्। ☐

ग) हिन्दु धर्मावलम्बीहरूले दशैं, तिहार जस्ता चाडपर्व मनाउँछन्। ☐

घ) झिमरुक गाउँपालिकामा बौद्ध धर्म मान्ने मानिसहरू पनि बसोबास गर्छन्। ☐

## ३. कविता पढौं र बाचन गरौः

### चाडपर्व

दशैं र तिहार हर्षका पर्व
साँझबिहान सुखद वर्ष।

धार्मिक र आस्थाको मेल
पर्वले हुन्छ आनन्द र खेल।



दशैंको पर्वमा उमङ्गको लहर
तिहारमा टीका दियो र परिकार।

होलीको महिमा रङमा खेल्न
रङमा नुहाइ मित्रलाई भेट्न।

क्रिसमस, इद, दशैं र तिहार मनाऔं
धर्म, संस्कार र संस्कृति जोगाऔं।

**४. तपाईंका कक्षाका साथीहरूले कुन कुन चाडपर्व मनाउनुहुन्छ? सोधेर लेख्नुहोस्:**

| क्र. सं | साथीहरूको नाम | चाडपर्वहरू |
|---|---|---|
| १ | .................................. | ..................... |
| २ | .................................. | ..................... |
| ३ | .................................. | ..................... |
| ४ | .................................. | ..................... |
| ५ | .................................. | ..................... |

# पाठ-२ मूल्य मान्यता र अनुशासन

**विषयवस्तुः**

- नाता सम्बन्धअनुसार आदर सत्कार र गुरु सम्मान

**विशिष्ट उद्देश्यः**

- परिवार छिमेक र साथीहरूलाई नाता सम्बन्धअनुसार आदर सम्मान गर्न।
- विद्यालय, परिवार, छिमेक, साथी, परिवार, अतिथि, गुरु र छिमेकका बालबालिकाहरूसँग असल व्यवहार प्रदर्शन गर्न र घुलमिल हुन।
- आफूभन्दा सानालाई माया गर्न र ठूलालाई सम्मान गर्न।

**विस्तृतीकरणः**

- छिमेकका नाता सम्बन्धअनुसार आदर सत्कार
- साथी, परिवार अतिथि, गुरु र छिमेकका बालबालिकाहरूसँग घुलमिल माया र सम्मान

**सिकाइ सहजीकरण क्रियाकलापः**

- तपाईं छिमेकका घरपरिवारका तथा अतिथिहरूसँग भेटघाट हुँदा कसरी अभिवादन गर्नुहुन्छ? भन्ने प्रश्न गर्दै विद्यार्थीहरूलाई कक्षा सञ्चालन गर्ने।
- कक्षाकोठामा अभिवादन तथा सम्बन्ध दर्शाउने चित्र संवाद र भिडियो तथा कथा प्रस्तुत गर्ने।
- कक्षामा विद्यार्थीहरू बिच नमुना समाज बनाई अभिनय विधिद्वारा अभिवादन।
- असल व्यवहार प्रदर्शन गर्ने तरिका बताइदिने।
- आफूभन्दा सानोलाई न्यानो माया, आफूसरहलाई हातेमालो र ठूलालाई आदर तथा सम्मानसूचक तालिका प्रस्तुत गर्ने।

- जोडी समूहमा आदर गरे नगरेको अवलोकन गर्ने।
- नाताअनुसार गर्नुपर्ने नाता आदर बिच जोडी मिलाउन लगाउने।

**सम्भावित प्रश्नहरू:**

- तपाईं बुबाआमा, दाजुभाइ, बहिनी, बाजे, बज्यै, छमेकी तथा गुरुहरूलाई कसरी सम्मान गर्नुहुन्छ? अथवा पर्छ।
- साथी साथी मिलेर कसरी बस्नुहुन्छ?

**पाठ सम्बद्ध विषयवस्तुमा आधारित छलफल र अन्तरक्रिया:**

क) तपाईं आफूभन्दा ठूलालाई कसरी आदर गर्नुहुन्छ?

ख) तपाईंले आदर सत्कारको अभिनय गर्नुहोस्?

ग) छिमेकी र गुरुलाई कसरी सम्मान गर्नुहुन्छ?

## १. चित्र हेरौं र बुझौं:



 

प्रश्नहरू:

क) माथिको चित्रमा के देख्नुभयो?

उत्तरः ...................................................

ख) विद्यार्थीहरूले गुरुलाई के कसरी सम्मान गर्दै हुनुहुन्छ?

उत्तरः ...................................................

ग) तपाईंहरूले गुरु, मान्यजन तथा अतिथिलाई कसरी सम्मान गर्नुहुन्छ?

उत्तरः ...................................................

## २. संवाद गरौं, व्यावहारिक रूपमा लागू गरौं :

(शनिबारको दिन सुरेश र मनिष बगैंचामा बसेर आफ्नो परिवार, गुरु, अतिथिलाई कसरी आदर सत्कार गर्नुपर्छ भन्ने बिषयमा कुराकानी गर्दैछन्।)

सुरेश : मनिष ! आज हामी आफ्नो परिवार, गुरु, अतिथिलाई कसरी आदर सत्कार गर्नुपर्छ भन्ने बिषयमा कुराकानी गरौं।

मनिष : हाम्रो घरमा छरछिमेकी र आफन्तहरू आउनुहुन्छ। आफन्तलाई नातेदार भनिन्छ। छिमेकी, आफन्त तथा नातेदारहरूलाई हामीहरूले आदर सत्कार गर्नुपर्छ। हामीले आफूभन्दा ठूला व्यक्तिहरू, जस्तैः गुरु

गुरुआमा, बुबा आमा, हजुरबुबा हजुरआमा, काका काकी, दाइ दिदी सबैलाई आदर सत्कार गर्नुपर्छ।

सुरेश : मलाई मेरो हजुरआमाले सिकाउनु भएको थियो। परिवारका सबै सदस्यहरूले मान्यजनहरूलाई ढोग गर्नुपर्छ।

मनिष : अनि गुरुहरूको कुरा त झनै विशेष हो। गुरु गुरुआमाहरूले हामीलाई पढाउनुहुन्छ। सरल भाषामा सिकाउनुहुन्छ।



सुरेश : गुरु गुरुआमाहरूलाई विशेष सम्मान गर्नुपर्छ। मैले सुनेको छु कि "गुरु ब्रह्मा, गुरु विष्णु" भनेको पनि त्यही हो।

मनिष : हामी स्कुल जान्छौं। हामीले हरेक दिन उहाँहरूलाई प्रणाम गर्नुपर्छ ।

सुरेश : नाता र सम्बन्धको आधारमा आदर सत्कार गर्न हामीले सिक्नु पर्छ, सिकाउनुपर्छ। आदर सत्कार गर्ने बानीले हाम्रो विद्यालय, घर, समुदाय सुन्दर तथा सभ्य बन्दछ।



मनिष : म आशा गर्छु हामी सदैव एकअर्काप्रति सम्मान र आदर राख्नेछौं।

सुरेश : हामीले सधैं एकअर्काप्रति सम्मान र आदर गर्नुपर्छ।

मनिष : आजको हाम्रो कुराकानी व्यवहारमा लागू गर्नुपर्छ। साथीहरूलाई पनि सिकाउनुपर्छ। अब घर जाने बेला पनि हुन थाल्यो। घर जाऔं है !

सुरेश : हुन्छ, जाऔं ! धन्यवाद् मनिष।

## अ. ठिक उत्तरमा रेजा (√) लगाउनुहोस्।

क. नातेदार कसलाई भनिन्छ?

| | |
|---|---|
| अ. आफन्तलाई | आ. साथीलाई |
| इ. छिमेकीलाई | ई. परिवारलाई |

ख. अतिथिलाई के गर्नुपर्छ?

| | |
|---|---|
| अ. हेला | आ. घृणा |
| इ. सत्कार | ई. माया |

ग. आफूभन्दा ठूलालाई के गर्नुपर्छ?

| | |
|---|---|
| अ. आदर | आ. सत्कार |
| इ. माया | ई. हेला |

घ. आफूभन्दा सानालाई के गर्नुपर्छ?

| | |
|---|---|
| अ. आदर | आ. सत्कार |
| इ. माया | ई. हेला |

## ३. विद्यार्थीहरूलाई जोडी समूहमा विभाजन गरी साथीलाई आदर गरेको व्यवहार प्रदर्शन गर्न लगाउने। आदर गरे नगरेको अवलोकन गर्ने।

## ४. जोडा मिलाउनुहोस्:

| | |
|---|---|
| आफूभन्दा ठूलालाई | माया |
| आफूभन्दा सानालाई | आदर |
| अतिथिलाई | सत्कार |
| छिमेकीलाई | नमस्ते |

## ५. एक शब्दमा उत्तर लेख्नुहोस् :

क) हामीले आफूभन्दा ठूलालाई के गर्नुपर्छ?

उत्तरः ..........................................................................

ख) हामीले आफूभन्दा सानालाई के गर्नुपर्छ?

उत्तरः ..........................................................................

ग) हामीले गुरुलाई के गर्नुपर्छ?

उत्तरः ..........................................................................

घ) तपाईंहरू साथी साथी कसरी बस्नुहुन्छ?

उत्तरः ..........................................................................

## ६. चित्रमा कसलाई देख्नुभयो? त्यहाँ को को हुनुहुन्छ? लेख्नुहोस्:



१) .................................. २) ..................................

७. तपाईंको घरमा आदर सत्कार गर्दा बोलिने कुनै चारवटा शब्दहरू दिइएको बाकसमा टिपोट गरी लेख्नुहोस् :

| क.सं | आदर गर्दा बोलिने शब्दहरू |
|---|---|
| १ | .............................................. |
| २ | .............................................. |
| ३ | .............................................. |
| ४ | .............................................. |

# पाठ-३ जीवनशैली

**विषयवस्तुः**

- अनुहार तथा हातगोडाको सरसफाइ
- स्थानीय खेल (टोपी लुकाइ)

**विशिष्ट उद्देश्यः**

- दैनिक शारीरिक सरसफाइको परिचय दिन।
- हात धुने, शौचालय प्रयोग गर्ने र आफ्नो पोसाकको प्रयोग गर्ने।
- समूहमा मिलेर टोपी लुकाइ खेल खेल्न।

**विस्तृतीकरणः**

- दैनिक शारीरिक सरसफाइ हात धुने तरिका, शौचालय प्रयोगको तरिका
- आफ्नो पोसाकको सरसफाइ स्थानीय खेल (टोपी लुकाइ)

**सिकाइ सहजीकरण क्रियाकलापः**

- शिक्षकले विद्यार्थीहरूलाई तपाईं दैनिक कति पटक हात खुट्टाको सरसफाइ गर्नुहुन्छ? शौचालय प्रयोग गर्दा पानीको प्रयोग गर्नुहुन्छ कि गर्नुहुँदैन? तपाईंलाई मन पर्ने खेलको नाम के हो? जस्ता प्रश्नहरू प्रस्तुत गर्दै सहजीकरण प्रक्रियाको सुरुवात गर्ने।
- दैनिक शारीरिक सरसफाइसम्बन्धी वृत्तचित्र प्रदर्शन गराई कक्षामा छलफल गराउने ।
- शारीरिक सरसफाइको महत्त्व बताइदिने।
- हात धुने तरिका साबुनको प्रयोग गरी सबै विद्यार्थीहरूले देख्न सक्ने गरी शिक्षकले हात धुने तरिका गरेर देखाउने।
- शौचालय प्रयोग र सरसफाइ गर्दा र आफ्नो पोसाकको सरसफाइ गर्दा ध्यान दिनुपर्ने कुराहरू कारणसहित बताइदिने।

- विद्यार्थीहरूलाई खेल मैदानमा लगेर आफू स्वयम् सहभागी भएर टोपी लुकाइ खेल खेलेर देखाउने

**सम्भावित प्रश्नहरू (मूल्याङ्कन प्रक्रिया)**

- हात धुँदा हामीले कति चरण पार गर्नुपर्छ?
- शौचालय प्रयोग गर्दा ध्यान दिनुपर्ने कुनै दुई वटा उपायहरू लेख्नुहोस्।
- आफ्नो शरीर र पोसाकको सरसफाइ गर्दा के के सामान चाहिन्छ?
- हामीले दैनिक जीवनमा शारीरिक सरसफाइ किन गर्नुपर्छ?
- टोपी लुकाइ खेलमा कति जनासम्म विद्यार्थीहरूलाई सहभागी गराउन सकिन्छ?

**पाठ सम्बद्ध विषयवस्तुमा आधारित छलफल र अन्तरक्रियाः**

क) हामीले हात कसरी धुनुपर्छ?
ख) शौचालय गइसकेपछि के गर्नुपर्दछ?
ग) आफ्नो शरीरको सरसफाइ कसरी गर्नुहुन्छ?
घ) हामीले किन सरसफाइ गर्नुपर्छ?
ङ) टोपी लुकाइ खेल कसरी खेलिन्छ?

## १. चित्र हेरौँ र बुझौँः



**प्रश्नहरू:**

१) माथिको चित्रमा के देख्नुभयो?

उत्तरः ....................................................................................

२) शारीरिक सरसफाइ किन आवश्यक छ?

उत्तरः ....................................................................................

## २. पाठ पढौं, जानौं, बुझौं :



एक दिनको कुरा हो हाम्रो झिमरुक तोरवाङमा बच्चाहरू खेल्नमा व्यस्त थिए। खेल्दै गरेका बच्चाहरू फोहोरी देखिएका थिए। बच्चाहरू खेल्दै गर्दा एकजना हजुरआमा आउनुभयो। उहाँले सबै बच्चाहरूलाई भेला गरेर भन्नुभयो "खेल स्वास्थ्यको लागि आवश्यक छ तर खेल खेल्दा पनि स्वस्थ रहनका लागि हातगोडा सफा राख्न आवश्यक छ।" सरुवा रोग सर्ने वा फैलने कार्यको नियन्त्रणका लागि दैनिक शारीरिक सरसफाइ गर्नुपर्छ। हामीहरूले कुन समयमा हात धुने भनी तिमीहरूलाई अब म शारीरिक सरसफाईबारे बताउँछु।

- आँखा, नाक र मुख छुनुभन्दा पहिले
- खाना खानु तथा खाना र भाँडा छुनुभन्दा पहिले
- चर्पीको प्रयोग गरिसकेपछि
- खोकी वा हाछ्यूँ गर्दा हातमा किटाणु परेपछि
- फोहोर लागेका सरसामानहरू खेलाएपछि तथा त्यस्ता सामानहरूको व्यवस्थापन गरेपछि।

## हामीले हात धुँदा निम्न चरणहरू पार गर्नुपर्छ।




- पानीले हात भिजाउनुपर्छ।
- दुवै हातमा झोल साबुन लगाएर फिँज आउने गरी हात रगड्नु पर्छ।
- हत्केला, औंलाको बिचमा, पछाडि, टुप्पा र नाडीमा राम्रोसँग साबुन लगाएर मिच्नुपर्छ।
- पानीले हात राम्ररी पखाल्नुपर्छ।
- सफा तौलिया वा कागजको तौलियाले राम्ररी पुछ्नुपर्छ।

## शौचालय प्रयोग गर्दा ध्यान दिनुपर्ने कुराहरू:



- शौचालय बस्नुअघि राम्रोसँग सिटको वरिपरि हेर्नुपर्छ।
- शौचालयको ढोका राम्रोसँग बन्द गर्नुपर्छ।
- शौचालय प्रयोग गर्दा अनिवार्य रूपमा पानीको प्रयोग गर्नुपर्छ।
- शौचालय गरिसकेपछि राम्रोसँग पानी हाल्नुपर्छ।
- शौचालय प्रयोग गरेपछि अनिवार्य साबुनपानीले हात धुनुपर्छ।

### व्यक्तिगत सरसफाइको लागि आवश्यक पर्ने सामानहरू:









नानीबाबुहरू ! हात धुन साबुन उपलब्ध नभएको खण्डमा खली (पिना) तथा खरानीको प्रयोग गरेर भए पनि हात धुनुपर्छ। हजुरआमाको कुरा सुनेर खेल खेल्दै गरेका बच्चाहरूले जाँगर लगाएर हात र गोडा धुन थाले। आफू सफा हुँदा उनीहरूलाई खुसी मिल्यो। हजुरआमाले फेरि भन्नुभयो सरसफाइले हामीलाई स्वस्थ राख्नुका साथै निरोगी बनाउँछ। त्यस दिनदेखि गाउँका सबै बच्चाहरूले नियमित रूपमा आफ्ना हातगोडा, शरीर तथा पोसाकहरूको सरसफाइमा ध्यान दिन थाले।

### प्रश्नहरू

| सोधिएका प्रश्न | जवाफ |
|---|---|
| हामी शौचालयबाट आएपछि के गर्नुपर्छ? | ...................................... |
| हात धुँदा कति चरण पार गर्नुपर्छ? | ...................................... |
| हामीले शारीरिक सरसफाइ किन गर्नुपर्छ? | ...................................... |
| आफ्नो शरीर र पोसाकको सरसफाइ गर्दा के के सामान चाहिन्छ? | ...................................... |

## ३. स्थानीय खेलः टोपी लुकाइ खेल



क) टोपी लुकाइ खेल समूहमा खेलिन्छ।

ख) सबै विद्यार्थीहरूलाई एकत्रित गर्ने।

ग) एउटा टोपी ल्याउने र त्यसलाई लुकाउने स्थानको बारेमा बताउने।

घ) यो खेलमा एकजना विद्यार्थी लुकाउने हुनेछ जबकि बाँकी सबै विद्यार्थीहरू आँखा बन्द गरेर १० सेकेन्डसम्म गन्दै बस्नेछन्।

ङ) टोपी लुकाउने विद्यार्थीले टोपीलाई कुनै एक स्थानमा लुकाउनुपर्छ।

च) १० सेकेन्डपछि सबै विद्यार्थीहरूले आँखा खोलेर टोपी खोज्न थाल्छन्।

छ) जसले पहिलो टोपी पाउँछ उसले लुकाउनेको भूमिका लिन्छ र खेल दोहोरिन्छ।

ज) यदि विद्यार्थीले टोपी पाउन सकेन भने उनीहरूले सोध्न सक्छन् "टोपी कस्तो ठाउँमा छ?" र लुकाउने विद्यार्थीले उनीहरूलाई सन्देश दिन सक्छ।

**प्रश्नहरूः**

१) टोपी लुकाइ खेलमा कति जनासम्म विद्यार्थीहरूलाई सहभागी गराउन सकिन्छ?

उत्तरः ..........................................................................

२) टोपी कहाँ लुकाउनुपर्छ?

उत्तरः ..........................................................................



### अ. ठिक उत्तरमा रेजा (√) लगाउनुहोस्।

क. शारीरिक सरसफाइ किन गर्नुपर्छ ?

अ. सरुवा रोग नियन्त्रण गर्न आ. फोहोरी हुन

इ. रोग लाग्न ई. असल नहुन

ख. शौचालय गएपछि के गर्नुपर्छ ?

अ. हात धुनु हुँदैन आ. फोहोर पानीले हात धुनुपर्छ

इ. साबुन पानीले हात धुनुपर्छ ई. साबुनले हात धुनुहुँदैन

ग. टोपी लुकाइ खेलमा कुन चिजको आवश्यक पर्छ ?

अ. टोपी आ. ढुङ्गा

इ. माटो ई. फूल

घ. हामीले कुन समयमा हात धुनु पर्दैन ?

अ. शौचालय गएपछि आ. बच्चाको डाइफर फेरेपछि

इ. नुहाएर आएपछि ई. फोहोर सामान चलाएपछि

## आ. तल दिइएका चित्रहरूको पहिचान गरी नाम लेख्नुहोस्:

| | | | |
|---|---|---|---|
|  |  |  |  |
| ............................. | ............................. | ............................. | ............................. |

## इ. तलका प्रश्नहरूको उत्तर लेख्नुहोस् :

क) हामीले सरुवा रोगको नियन्त्रणका लागि के गर्नुपर्छ?

उत्तरः ......................................................................................

ख) हामी शौचालयबाट आएपछि के गर्नुपर्छ?

उत्तरः ......................................................................................

ग) शौचालय प्रयोग गर्दा कुन कुन कुरामा ध्यान दिनुपर्छ?

उत्तरः ......................................................................................

घ) हात धुँदा कति चरण पार गर्नुपर्छ?

उत्तरः ......................................................................................

ङ) हामी टोपी लुकाइ खेल कसरी खेल्छौँ?

उत्तरः ......................................................................................

ई. आफ्नो शरीर र पोसाकको सरसफाइ गर्दा कुन कुन सामान चाहिन्छ? साथीहरूसँग छलफल गरी सूची बनाउनुहोस्:

| |
|---|
| ........................................................................................ |
| ........................................................................................ |
| ........................................................................................ |
| ........................................................................................ |
| ........................................................................................ |

## सिकाइ उपलब्धि मापन

## कक्षा: हाम्रो झिमरुक कक्षा २ (एकाइ दुई)

१. जोडा मिलाउनुहोस्:

| | |
|---|---|
| आफूभन्दा ठूलालाई | माया |
| आफूभन्दा सानालाई | आदर |
| खाना खाएको अघिपछि | टोपी |
| टोपी लुकाइ खेलमा | हात धुनुपर्छ |

## २. मिल्ने शब्द छानेर खाली ठाउँ भर्नुहोस् :

| शारीरिक सरसफाइ, सत्कार, आदर, टोपी, साबुनपानीले |
|---|

क) सरुवा रोग नियन्त्रणका लागि ............ गर्नुपर्छ।

ख) शौचालय गएपछि हातलाई ............ धुनुपर्छ।

ग) टोपी लुकाइ खेलमा ............ को आवश्यक पर्छ।

घ) हामीले छिमेकीलाई ............ गर्नुपर्छ।

ङ) हामीले अतिथिलाई ............ गर्नुपर्छ।

## ३. ठिक भए (✓) बेठिक भए (×) चिह्न लगाउनुहोस् :

क) शौचालय गएपछि अनिवार्य साबुनपानीले हात धुनुपर्छ। ☐

ख) हामीले आमाबुबालाई आदर गर्नुपर्छ। ☐

ग) दशैंको समयमा देउसी भैलो खेलिन्छ। ☐

घ) टोपी लुकाइ खेलमा झोलाको आवश्यकता पर्छ। ☐

ङ) खाना खानु अघि र पछि सफा पानीले हात धुनुपर्छ। ☐

## ४. तलका प्रश्नहरूको छोटो उत्तर लेख्नुहोस्:

क) तपाईंको समुदायमा बस्ने कुनै जातजातिको सूची बनाउनुहोस्।

उत्तरः ...........................................................................

ख) तपाईंले छिमेकीलाई कसरी सम्मान गर्नुहुन्छ? लेख्नुहोस्।

उत्तरः ...........................................................................

ग) हात धुँदा हामीले कति चरण पार गर्नुपर्छ?

उत्तरः ...........................................................................

समाप्त।

एकाइ
३

# झिमरुकका वन्यजन्तु, वनस्पति र जडीबुटी



# पाठ–१ चिनारी उपयोगिता र संरक्षण

**विषयवस्तुः**

- जङ्गली फलफूलः काफल, ऐंसेलु, चुत्रो, वयर, कमै, चौतारी, अमला, वेडुलो, लप्सी, खल्टु, खन्यु, भुटुक, जामुना, फडेर, भुँइकाफल, गोलसिक्री, चिउरी, म्याल, वनअंगुर, वनतरुल, भ्याकुर, भक्तुलो, भकिम्लो, थाकल, कालीअगेरी, हलुवावेद, ओखर, डिफ्रो तथा वरपर पाइने अन्य फलफूल।

**विशिष्ट उद्देश्यः**

- आफ्नो वरपर पाइने विभिन्न स्थानीय तथा जङ्गली फलफूलहरूको नाम उल्लेख गर्न
- आफ्नो वरपर पाइने विभिन्न स्थानीय तथा जङ्गली फलफूलहरूको उपयोग गरी आनन्द लिन।
- आफ्नो वरपर पाइने विभिन्न स्थानीय तथा जङ्गली फलफूलहरू पाइने स्थानका नाम बताउन।

**विस्तृतीकरणः**

- **जङ्गली फलफूलः** काफल, ऐंसेलु, चुत्रो, वयर, कमै, चौतारी, अमला, वेडुलो, लप्सी, खल्टु, खन्यु, भुटुक, जामुना, फडेर, भुँइकाफल, गोलसिक्री, चिउरी, म्याल, वनअंगुर, वनतरुल, भ्याकुर, भक्तुलो, भकिम्लो, थाकल, कालीअँगेरी, हलुवावेद, ओखर, डिफ्रो तथा वरपर पाइने अन्य फलफूलहरूको चिनारी, उपयोग र स्थान।

**सिकाइ सहजीकरण क्रियाकलापः**

- शिक्षकले विद्यार्थीहरूलाई आफू घरबाट बाहिर जाँदा बाटोमुनि बाटोमाथि वा रूखमा पाइने फलहरू देख्नुभएको छ? खानुभएको छ? जस्ता प्रश्नहरू सोधेर सहजीकरण प्रक्रियाको सुरुवात गर्ने।

- शिक्षकले घर वरपर जङ्गलमा पाइने विभिन्न प्रकारका स्थानीय तथा जङ्गलमा पाइने फलफूलहरूको नाम सेतो पाटीमा लेखेर देखाउने र तिनीहरू कुन कुन ठाउँमा पाइन्छन्, तिनीहरूको के महत्त्व छ र उपयोग कसरी गर्न सकिन्छ भन्ने जानकारी गराउने।

**सम्भावित प्रश्नहरू (मूल्याङ्कन प्रक्रिया)**

- तपाईंहरूले कुन कुन स्थानीय तथा जङ्गली फलफूल खानुभएको छ?
- तपाईंको वरपर कुन कुन जङ्गली फलफूलहरू पाइन्छन्? कुनै पाँच वटाको नाम बताउनुहोस्।
- जङ्गली तथा स्थानीय फलफूलबाट हामीलाई हुने कुनै चार वटा फाइदा लेख्नुहोस्।

**पाठ सम्बद्ध विषयवस्तुमा आधारित छलफल र अन्तरक्रियाः**

क) काफल, चौतारी जस्ता फलफूलको चित्र देखाई यो फलफूलको नाम के हो ?

ख) तपाईंले कुन–कुन फलफूल देख्नुभएको छ?

ग) सम्बन्धित नाम र फलफूलसँग जोडा मिलाउनुहोस्।

## १. चित्र हेरौँ र बुझौँः



**प्रश्नहरू:**

१) माथि चित्रमा देखाइएका फलफूलहरूको नाम के हो?

उत्तर: ...........................................................................

२) चित्रमा देखाइएकामध्ये तपाईंको घर वरपर पाइने फलफूलहरूको नाम लेख्नुहोस्।

उत्तर: ...........................................................................

३) तपाईंहरूले कुन कुन फलफूल खानुभएको छ?

उत्तर: ...........................................................................

## २. कविता पढौं:

कवि: गिरिप्रसाद पन्थी

# जङ्गलका फलफूल

पहाडका जङ्गलमा छन् लुकेका रत्न
समयका फलफूलमा पाइन्छन् टन्न।
काफलको मिठास अमिलो जामुन
तिजु ऐँसेलु सबैलाई मिठो जीवन।।

ऐँसेलु र चुत्रो स्वादको दान
वयर र कमैले जिब्रोको स्वाद।
लप्सी र खल्टु, खन्युको रस
शरीर स्वस्थ्य प्रत्येक क्षण।।

भुटुक र फडेर गोलसिक्रीसँग
चिउरी र म्याल हामीलाई रङ्ग।
वनअङ्गुर र तरुलको स्वादमा दङ्ग
भकिम्लो खाँदा मन हुन्छ फुरुङ्ग।।

| सोधिएका प्रश्नहरू | जवाफ |
| --- | --- |
| जङ्गलमा के लुकेका हुन्छन् ? | ..................................... |
| जिब्रोको स्वाद केले भर्छ ? | ..................................... |

मेरो नाम रमेश खड्का हो। म झिमरुक गाउँपालिकाको वडा नं ३ स्याँलमा बस्छु। हाम्रो समुदायमा धेरै किसिमका फलफूलहरू पाइन्छन्। हाम्रो घर वरपर तथा वडामा रहेका जङ्गलहरूमा विभिन्न किसिमका फलफूलहरू पाइन्छन्। यस्ता फलफूलहरू खाँदा हाम्रो शरीरलाई शक्ति दिन्छ। साथै फलफूल बेचेर हामीहरूले राम्रो आम्दानी लिन पनि सक्छौं।

| | | |
| --- | --- | --- |
|  |  |  |
| ऐंसेलु | काफल | चुत्रो |
|  |  |  |
| हलुवावेद | ओखर | जामुन |
|  |  |  |
| अमला | चिउरी | तरुल |

हाम्रो झिमरुक गाउँपालिकाको जङ्गलमा पाइने फलफूलहरू काफल, ऐंसेलु, चुत्रो, वयर, कमै, चौतारी, अमला, वेडुलो, लप्सी, खल्टु, खन्यु, भुटुक, जामुन, फडेर, भुँइकाफल, गोलसिक्री, चिउरी, म्याल, वनअङ्गुर, वनतरुल, भ्याकुर, भक्कुलो, भकिम्लो, थाकल, कालीअँगेरी, हलुवावेद, ओखर, डिफ्रो आदि पाइन्छन्। जङ्गलमा पाइने जैविक फलफूलहरूमा प्रशस्तमात्रामा भिटामिन पाइन्छ। नियमित रूपमा फलफूल खाँदा हामीलाई धेरै रोग लाग्नबाट बचाउँछ। जस्तैः हलुवावेदको सेवन गर्दा मधुमेह हुँदैन। अमलामा भिटामिन सी पाइन्छ। अमला खाँदा हृदय रोगबाट पनि बच्न सकिन्छ। जङ्गली फलफूलहरूको ज्यादै महत्त्व रहेको छ। यस्ता फलफूलहरूलाई विभिन्न रोगहरूको उपचारमा, अचार तथा चटनी बनाउन, पोषक तत्त्व प्राप्त गर्न खाने गरिन्छ।

**अ. तल दिइएको बाकसमा तपाईंको घर, समुदाय तथा वडामा पाइने फलफूलहरूको नाम र पाइने स्थान लेख्नुहोस्।**

| फलफूलहरू | फलफूलहरू पाइने स्थान |
|---|---|
| .................................... | .................................... |
| .................................... | .................................... |
| .................................... | .................................... |
| .................................... | .................................... |
| .................................... | .................................... |

**आ. ठिक उत्तरमा रेजा (√) लगाउनुहोस्।**

क. फलफूलले हामीहरूलाई के दिन्छ?

अ. इज्जत आ. माया

इ. शक्ति ई. घृणा

ख. फलफूलबाट हामीले के बनाउन सक्छौं?

अ. मिठाइ आ. खाना

इ. तरकारी ई. अचार

ग. फलफूलले हामीलाई के लाग्नबाट बचाउँछ?

अ. रोग आ. आराम

इ. चोटपटक ई. सहयोग गर्न

घ. फलफूल बेचेर के गर्न सक्छौं?

अ. खर्च आ. रमाइलो

इ. आम्दानी ई. आराम

## इ. तलका प्रश्नको उत्तर लेख्नुहोस् :

क) तपाईंले कुन कुन जङ्गली फलफूल खानुभएको छ ? लेख्नुहोस्।

उत्तरः ..........................................................................

ख) तपाईंको घर वरपर कुन कुन जङ्गली फलफूलहरू पाइन्छन्? कुनै तीनवटाको नाम बताउनुहोस्।

उत्तरः ..........................................................................

ग) जङ्गली तथा स्थानीय फलफूलबाट हामीलाई हुने कुनै दुईवटा फाइदाहरू लेख्नुहोस्।

उत्तरः ..........................................................................

घ) तपाईंको नजिक रहेको सामुदायिक वनमा कुन कुन फलफूल पाइन्छन्?

उत्तरः ..........................................................................

## ई. तपाईंको वडामा रहेका वनहरूमा कुन कुन फलफूलहरू पाइन्छ? टिपोट गरी नाम लेख्नुहोस्।

| क.सं | जङ्गली फलफूलहरूको नाम |
|---|---|
| १ | ........................................ |
| २ | ........................................ |
| ३ | ........................................ |
| ४ | ........................................ |

# सिकाइ उपलब्धि मापन

## कक्षाः हाम्रो झिमरुक कक्षा २ (एकाइ तीन)

### १. जोडा मिलाउनुहोस् :

हलुवावेद



काफल



ऐंसेलु



अमला



## २. मिल्ने शब्द छानेर खाली ठाउँ भर्नुहोस् :

| शक्ति, अचार चटनी, फलफूलहरू, आम्दानी |
|---|

क) झिमरुक गाउँपालिकाका जङ्गलमा विभिन्न ...................... पाइन्छ।

ख) फलफूलहरूलाई हामीले विभिन्न .................... बनाउनमा पनि प्रयोग गर्न सकिन्छ।

ग) फलफूलहरूले हामीलाई .................... दिन्छ।

घ) हामीले फलफूलहरूलाई बेचेर .................... गर्न पनि सक्छौँ।

## ३. ठिक भए (✓) बेठिक भए (×) चिह्न लगाउनुहोस् :

क) झिमरुक गाउँपालिकाको जङ्गलमा विभिन्न फलफूल पाइन्छन्। ☐

ख) फलफूलहरूले हामीलाई शक्ति दिँदैनन्। ☐

ग) जङ्गली फलफूलले हामीलाई धेरै फाइदा दिने गर्दछ। ☐

घ) जङ्गली फलफूल बेचेर हामीले आम्दानी पनि गर्न सक्छौँ। ☐

ङ) फलफूलबाट हामीले अचार, चटनी पनि बनाउन सक्छौँ। ☐

## ४. तलका प्रश्नहरूको छोटो उत्तर लेख्नुहोस्:

क) हामीलाई जङ्गली फलफूलले के दिन्छ ?

उत्तरः ........................................................................

ख) हामीले फलफूल बेचेर के गर्न सक्छौं ?

उत्तरः ........................................................................

ग) हामीले फलफूलबाट के बनाउन सक्छौं ?

उत्तरः ........................................................................

घ) झिमरुक गाउँपालिकाको जङ्गलमा के पाइन्छ ?

उत्तरः ........................................................................

समाप्त।

एकाइ

४

# आर्थिक क्रियाकलाप



# पाठ–१ झिमरुकका परम्परागत सिप, कला, पेसा, व्यवसाय, सूचना र प्रविधि

**विषयवस्तुः**

- परिवार र परम्परागत सिप
- चोयाचित्रा, छालाका सामान

**विशिष्ट उद्देश्यः**

- आफ्ना परिवारका सदस्यहरूको परम्परागत तथा आधुनिक सिपहरू उल्लेख गर्न।
- छाला र चोयाचित्राबाट बनेका विभिन्न सामग्रीहरूको नाम बताउन।

**विस्तृतीकरणः**

- आफ्नो परिवारका बुढापाका सदस्यहरूको पुरानो सिप
- परिवारका सदस्यहरू सबैको काम सिप चोयाचित्र काट्ने सामान बनाउने सिप
- छालाबाट बनेका खुकुरीका दाब पुराना छालाका जुत्ता, कम्मर पेटी, छालाका थैली, चकटी, खलाँती

**सिकाइ सहजीकरण क्रियाकलापः**

- तपाईंको घरमा भएको खुकुरीको खोल देख्नुभएको छ? त्यसलाई के भन्छन्? आदि प्रश्नहरू गर्दै कक्षा कार्यकलाप अगाडि बढाउने।
- शिक्षकले परम्परागत विभिन्न सिपहरू र ती सिपहरूबाट निर्मित वस्तुहरूको सूची प्रस्तुत गर्ने र सदस्यको सिपसँग तुलना गर्न लगाउने।
- चोयाचित्राबाट निर्माण हुने विभिन्न वस्तु र प्रतिमूर्ति देखाएर विभिन्न सामानहरूको बारेमा स्पष्ट पार्ने

**सम्भावित प्रश्नहरू (मूल्याङ्कन प्रक्रिया)**

- परम्परागत सिपबाट बनाइने कुनै पाँचवटा वस्तुको नाम भन्नुहोस्।
- आधुनिक सिप भनेको के हो? यस अन्तर्गत कुन कुन कुराहरू पर्छन्?

- कुनै चारवटा छालाबाट बनेका वस्तुको नाम बताउनुहोस् र तिनको प्रयोगविधि लेख्नुहोस्।
- चोयाचित्राबाट बन्ने कुनै चार वस्तुको नाम बताउनुहोस्।

**पाठ सम्बद्ध विषयवस्तुमा आधारित छलफल र अन्तरक्रियाः**

क) परम्परागत सिप भनेको के हो? भन्नुहोस्।

ख) छालाबाट कुन कुन सामान बनाउन सकिन्छ?

ग) आधुनिक सिप भनेको के हो?

घ) तपाईंले खुकुरी देख्नुभएको छ?

ङ) छालाबाट के के बनाइन्छ?

## १. चित्र हेर्नुहोस् र बुझ्नुहोस्:








**प्रश्नहरू:**

क) माथि चित्रमा देखाइएका समानहरूको नाम के हो?

उत्तरः ....................................................................

ख) तपाईंहरूले कुन कुन सामान प्रयोग गर्नुभएको छ?

उत्तरः ....................................................................

ग) माथि चित्रमा देखाइएका समानहरू हाम्रो छिमेक तथा समुदायमा बनाइन्छ?

उत्तरः ....................................................................

## छालाको सन्देश

कम्मर पेटी कसेको बल
जीवनमा हुन्छ गर्वको पल।
छालाका जुत्ता माटो सँगै
हर पाइला हिडौं श्रम सँगै।।



छालाबाट थैली बनाइन्छ
सामान राख्न मिल्छ सुरक्षित।
छालाबाट बनेको खलाँती
कलासँगै जोडिएको सम्पत्ति।।

छालाबाट बन्छ चकटी
घरमा बस्न काम लाग्ने अती।
संस्कृति र परम्पराको प्रतीक
बनाउँछ हाम्रो भविष्य अडिग।।

| सोधिएका प्रश्नहरू | जवाफ |
|---|---|
| खलाँती के बाट बनाइएको हुन्छ? | ................................... |
| चकटी कुन कामका लागि आवश्यक पर्छ? | ................................... |
| छालाबाट कुन कुन सामानहरू बनाइन्छ? | ................................... |

## २. चित्र हेरौँ, पाठ पढौँ:

|  |  |  |
|---|---|---|
| डोको | डालो | मान्द्रो |

धेरै पहिलादेखि चल्दै आएको परम्परागत सिप जुन हातको सहयोगले बनाइन्छ। हामीले प्रयोग गर्ने डोको, नाम्लो, मान्द्रो, डालो तथा विभिन्न चोयाचित्राका सामानहरू परम्परागत सिपको प्रयोग गरेर बनाइन्छ। चोयाचित्राबाट बनाउने सामग्रीहरू परम्परागत सिपअन्तर्गत पर्छन्।

|  |  |  |  |
|---|---|---|---|
| जुत्ता | खुकुरी | पेटी | खलाँती |

छालाको प्रयोग गरेर खुकुरीको दाब, जुत्ता, पेटी, थैली, चकटी, खलाँती जस्ता सामानहरू बनाइन्छ। दाव खुकुरी राख्न, जुत्ता बनाउन, कम्मरमा बाँध्ने पेटी बनाउन, पैसा तथा सामान राख्ने थैली बनाउन, फलामका औजारहरू बनाउँदा आरनमा हावा दिनका लागि खलाँती बनाउन काम लाग्छ। परम्परागत सिपको प्रयोग गरेर बनाइने छालाका सामग्रीहरू आधुनिक मेसिनको प्रयोग गरेर पनि बनाउन सकिन्छ। आधुनिक मेसिन औजारको प्रयोग गरेर छालाका सामान बनाउने उद्योग सञ्चालन गर्न सकिन्छ।

### अ. एक शब्दमा उत्तर लेख्नुहोस् :

१) डोको नाम्लो बनाउन कुन किसिमको सिप चाहिन्छ ?

उत्तरः ....................................................................................

२) खलाँती कुन कामका लागि प्रयोग गरिन्छ ?

उत्तरः ....................................................................................

३) छालाको प्रयोग गरी बनाउन सकिने कुनै दुईवटा सामग्रीहरूको नाम लेख्नुहोस्।

उत्तरः ....................................................................................

४) खुकुरी राख्ने खोललाई के भनिन्छ ?

उत्तरः ....................................................................................

### आ. ठिक उत्तरमा रेजा (√) लगाउनुहोस्।

क. खुकुरी राख्ने खोललाई के भनिन्छ?

अ. इज्जत | आ. माया

इ. सम्पत्ति | ई. दाब

ख. चकटी के कामको लागि प्रयोगमा आउँछ?

अ. खान | आ. हिंड्न
इ. बस्न | ई. सामान राख्न

ग. डोको के बाट बनाइन्छ?

अ. चोयाबाट | आ. घाँसबाट
इ. छालाबाट | ई. परालबाट

घ. छालाका समानहरू कति समयसम्म टिकाउ रहन्छन्?

अ. छोटो समय | आ. लामो समय
इ. केही दिन | ई. एकैछिन

## ३. परम्परागत सिपबाट बनाइने कुनै तीनवटा वस्तुहरूको नाम लेख्नुहोस्।

| परम्परागत सिपबाट बनाइने वस्तुहरू | |
|---|---|
| १ | ........................................ |
| २ | ........................................ |
| ३ | ........................................ |

## ४. चोयाचित्राबाट बनाइने कुनै तीनवटा वस्तुहरूको नाम बताउनुहोस्।

| चोयाचित्राबाट बनाइने वस्तुहरू | |
|---|---|
| १ | ........................................ |
| २ | ........................................ |
| ३ | ........................................ |

# पाठ-२ पेसा व्यवसायको आधुनिकीकरण

**विषयवस्तुः**

- मेरो परिवारको आम्दानी
- पशुपालन (गाई, भैंसी, बाख्रा, बंगुर)
- प्लास्टिकका सामान

**विशिष्ट उद्देश्यः**

- परिवारका सदस्यको आम्दानी खर्च र बचत छुट्याउन।
- पशुपालका क्षेत्रहरू बताउन।
- पुरानो गोठ र आधुनिक गोठ बिच भिन्नता बताउन।
- प्लास्टिकबाट निर्मित विभिन्न सामानहरूको नाम बताउन र पुराना सामानसँग तुलना गर्न।

**विस्तृतीकरणः**

- परिवारका सदस्यहरूको पेसा, कुल आम्दानी र बचत
- पशुपालन गाई, भैंसी, बाख्रा, बंगुर वर्तमान अवस्था र गोठ सुधार
- आधुनिक सजिलोको लागि बनेका प्लास्टिकका बाटा, टोकरी, मग, गिलास, सुपो, वाल्टिन आदि

**सिकाइ सहजीकरण क्रियाकलापः**

- भाइबहिनीहरू हो म मासिक ३५ हजार आम्दानी गर्छु र १२ हजार खर्च गर्छु भने मेरो मासिक बचत २३ हजार हुन्छ अब भन्नुहोस् तपाईंका कुनै सदस्यको आम्दानी, खर्च, बचत भन्दै शिक्षकले विषयवस्तुतर्फ ध्यानाकर्षण गर्ने।
- पशुपालनभित्र पर्ने विभिन्न पशुहरूको नाम लेखेर विद्यार्थीहरूको घरमा पालेका पशुहरूको नाम के हो भन्न लगाउने ।
- आधुनिक गोठ सुधारबाट पशुपालनलाई हुने फाइदा बताइदिने ।

- पुराना सामान र वर्तमान प्लास्टिकका सामनको तुलनात्मक फाइदा चार्ट पेपरमा लेखेर देखाइदिने ।

**सम्भावित प्रश्नहरू (मूल्याङ्कन प्रक्रिया):**

- तपाईंको परिवारको कुल आम्दानी बताउनुहोस्।
- पशुपालनका प्रमुख चारवटा क्षेत्र उल्लेख गर्नुहोस्।
- आधुनिक गोठ सुधारका महत्वपूर्ण चारवटा फाइदा लेख्नुहोस्।
- आधुनिक प्लास्टिकका सामानको दुई दुई वटा फाइदा र बेफाइदा लेख्नुहोस्।

**पाठ सम्बद्ध विषयवस्तुमा आधारित छलफल र अन्तरक्रियाः**

क) बचत भनेको के हो? भन्नुहोस्।

ख) बचत कसरी गर्न सकिन्छ?

ग) पेसा भनेको के हो?

घ) तपाईंको अभिभावकले के बाट आम्दानी गर्नुहुन्छ?

ङ) हाम्रो समुदाय तथा छिमेकमा के के बनाइन्छ?

च) पशुपालनका फाइदाहरू के के हुन्?

## १. चित्र हेरौं र बुझौंः





**प्रश्नहरूः**

क) माथि चित्रमा देखिएका वस्तुभाउहरू के के हुन् ?

उत्तरः ..........................................................................

ख) तपाईंको घरमा कुन कुन वस्तुभाउहरू छन् ?

उत्तरः ..............................................................................

## २. पाठ पढौं र बुझौंः

मेरो नाम सीता पछाई हो। म झिमरुक गाउँपालिका वडा नं ७ कुतामा बस्छु। हाम्रो परिवारमा बुबा, आमा, भाइ र म गरी चार जना सदस्यहरू छौं। मेरो बुबा शिक्षक हुनुहुन्छ उहाँले मासिक रु. ३५ हजार कमाउनुहुन्छ। आमाले घरमा बसेर गाई, भैंसी, बाख्रा, बंगुर पाल्नुभएको छ। आमाको मासिक आम्दानी रु. २० हजार रहेको छ। आमाबुबा दुवै जनाको मासिक आम्दानी जम्मा रु. ५५ हजार हुन्छ।



गाईपालन



भैंसीपालन



बाख्रापालन

पशुपालनअन्तर्गत गाई, भैंसी, बाख्रा, बंगुर आदि पर्दछ। पशुपालन गरेर हामीले आम्दानी गर्न सकिन्छ। गाई भैंसीको दूधबाट दही, मही, घ्यु, चीज पनिर, मिठाईहरू पनि बनाउन सकिन्छ। दूध, दही, मही, घ्यु, चीज, पनिर, मिठाईले हामीलाई शक्ति दिन्छ। बाख्रा र बंगुरलाई बेचेर आम्दानी गर्न पनि सक्छौं।



परम्परागत गोठ



आधुनिक गोठ

वस्तुभाउहरू राख्नका लागि हामीहरूले गोठको व्यवस्था गरेका हुन्छौं। परम्परागत गोठ वस्तुभाउको संख्याअनुसार सानो ठूलो बनाइन्छ भने आधुनिक गोठमा व्यवसाय गर्ने किसिमले व्यवस्थित तरिकाले बनाइएको हुन्छ। आधुनिक गोठमा दाना, घाँस खाने, गोबर फाल्ने ठाउँ, घाँस काट्ने मेसिन, वस्तुलाई दूध दुहुने मेसिनसमेत व्यवस्थित गरिएको हुन्छ।

## पेसा व्यवसायको आधुनिकीकरण

समयको परिवर्तनसँगै घरमा प्लास्टिकका समानहरूको प्रयोग बढ्दै गइरहेको छ। हाम्रो घर तथा छिमेकमा प्लास्टिकबाट बनाइएका बाटा, टोकरी, जग मग, गिलास, सुपो, बाल्टिनको प्रयोग बढ्दै गएको छ। यस्ता सामानहरू हल्का, टिकाउ, सस्तो, रङ्गिन तथा पानीबाट सुरक्षित हुन्छन्। प्लास्टिकका सामानहरूको कारण वातावरणमा प्रदूषण भए पनि उत्पादित सामानहरूलाई पुनः प्रयोग गर्न सकिन्छ। प्लास्टिकका समानहरूको प्रयोग बढ्दै जाँदा परम्परागत सामानहरूको प्रयोग घट्दै गइरहेको छ।

### अ. ठिक उत्तरमा रेजा (√) लगाउनुहोस्।

क. पशुपालन किन गरिन्छ?

अ. इज्जतका लागि　　आ. खर्च गर्न

इ. ज्ञान लिन　　ई. आम्दानी गर्न

ख. गाईभैंसीले हामीलाई के दिन्छ?

अ. तरकारी　　आ. अन्न

इ. फलफूल　　ई. दूध

ग. प्लास्टिक उद्योगले वातावरणमा के हुन्छ?

अ. हराभरा　　आ. स्वच्छ

इ. सफा　　ई. प्रदूषण

घ. प्लास्टिकबाट कस्ता सामग्री बनाउन सकिन्छ ?

अ. घाँस, दाउरा　　आ. ग्यास, चुलो

इ. बाटा, जग, गिलास, बाल्टिन　　ई. डोको, डालो

## आ. तल दिइएका चित्रहरूको पहिचान गरी नाम लेख्नुहोस्:

|  |  |  |
|---|---|---|
| .......................... | ......................... | ............................ |

## इ. तल दिइएका प्रश्नहरूको उत्तर लेख्नुहोस् :

क) हामीले पशुपालन किन गर्दछौं ?

उत्तरः .....................................................................................

ख) गाई भैंसीको दूधबाट के के बनाउन सकिन्छ ?

उत्तरः .....................................................................................

ग) गोठ केलाई भनिन्छ ?

उत्तरः .....................................................................................

## ३. तपाईंले देखेका तथा आफ्नो घरमा भएका कुनै चारवटा प्लास्टिकबाट बनेका सामग्रीहरूको नाम टिपोट गरेर लेख्नुहोस् :

| सामग्रीका नामहरू | सामग्रीका नामहरू |
|---|---|
| ..................................... | ..................................... |
| ..................................... | ..................................... |

## ई. आधुनिक प्लास्टिकका सामानको एकवटा फाइदा र एकवटा बेफाइदा लेख्नुहोस्।

| फाइदा | बेफाइदा |
|---|---|
| ..................................... | ..................................... |

# सिकाइ उपलब्धि मापन

## कक्षाः हाम्रो झिमरुक कक्षा २ (एकाइ चार)

### १. जोडा मिलाउनुहोस् :

| | |
|---|---|
| डालो | फलाम तताउन हावा दिने औजार |
| खलाँती | बाँसको चोयाबाट बनाउने भाँडो |
| जुत्ता | घरपालुवा जनावर |
| बाख्रा | छालाबाट बनाइने |

### २. मिल्ने शब्द छानेर खाली ठाउँ भर्नुहोस् :

आम्दानी, प्रदूषण, शक्ति, व्यवसाय, घाँस

क) पशुपालनबाट ............ गर्न सकिन्छ।

ख) गाई, भैंसीको दूधबाट हामीलाई ........... दिन्छ।

ग) प्लास्टिक उद्योगले वातावरण .......... हुन्छ।

घ) आधुनिक गोठमा ........... गर्न व्यवस्थित तरिकाले बनाइन्छ।

### ३. ठिक भए (✓) बेठिक भए (×) चिह्न लगाउनुहोस् :

क) कम्मरमा बाँध्ने पेटी छालाबाट बनाइन्छ। ☐

ख) दूधबाट दही, मही घ्यु, पनिर आदि बनाउन सकिन्छ। ☐

ग) मान्द्रो चोयाबाट बनाइन्छ। ☐

घ) प्लास्टिकका सामान हल्का र टिकाउ हुन्छन्। ☐

ङ) छालाका सामानहरू छोटो समयसम्म टिकाउ हुन्छन्। ☐

## ४. तलका प्रश्नहरूको छोटो उत्तर लेख्नुहोस्।

क) छालाबाट बनेका कुनै दुईवटा वस्तुहरूको नाम लेख्नुहोस्।

उत्तरः ..........................................................................

..........................................................................

ख) चोयाचित्राबाट बनेका दुईवटा वस्तुहरूको नाम लेख्नुहोस्।

उत्तरः ..........................................................................

..........................................................................

ग) प्लास्टिकबाट बनेका कुनै दुई वटा वस्तुहरूको नाम लेख्नुहोस् ?

उत्तरः ..........................................................................

..........................................................................

## ५. आधुनिक प्लास्टिकका सामानको दुई दुईवटा फाइदा र बेफाइदा लेख्नुहोस्।

| फाइदाहरू | बेफाइदाहरू |
| --- | --- |
| ........................................ | ........................................ |
| ........................................ | ........................................ |

समाप्त।

एकाइ
५

# हाम्रा सामाजिक समस्या र विकृति



# पाठ–१ विकृति र निराकरण

**विषयवस्तुः**

- लैङ्गिक विभेद, चोरी डकैती, जुवातास, निराकरणका उपाय

**विशिष्ट उद्देश्यः**

- छोराछोरीमा हुने विभेद बताउन।
- चोरी डकैतीका कारण बताउन।
- जुवातासले निम्त्याउने समस्याहरू बताउन।
- सामाजिक विभेद न्यूनीकरणका उपायहरूको सूची बनाउन।

**विस्तृतीकरणः**

- छोराछोरीमा हुने विभेद
- समाजमा हुने चोरी डकैती
- सामाजिक समस्याका रूपमा जुवातास
- लैङ्गिक विभेद, चोरी डकैती र जुवातास जस्ता सामाजिक समस्याको न्यूनीकरणका उपायहरू

**सिकाइ सहजीकरण क्रियाकलापः**

- भाइबहिनीहरू तपाईंहरूको घरमा छोरा र छोरीका बिचमा असमान व्यवहार छ कि छैन? परिवारको कुनै सदस्य जुवातास खेल्छन् खेल्दैनन्? गाउँमा चोरीको घटना भएको सुन्नुभएको छ कि छैन? आदि प्रश्नहरू विद्यार्थीहरूलाई सोध्दै विषयवस्तुको प्रस्तुतितर्फ ध्यानाकर्षण गर्ने।
- समाजमा भएका लैङ्गिक विभेदको परिचय र असर झल्किने वृत्तचित्र प्रस्तुत गर्ने।
- चोरी घटनामा दोषीलाई पक्रेको चिज प्रस्तुत गर्दै चोरी डकैती गलत हो भन्ने कुरा स्पष्ट पारिदिने। जुवातास सामाजिक अपराध र आडम्बरी हो। परिवारलाई आर्थिक रूपले समाप्त पार्छ र परिवारको इज्जत सकिदिन्छ भन्ने विषयवस्तु प्रस्तुत गरिदिने।

**सम्भावित प्रश्नहरू (मूल्याङ्कन प्रक्रिया)**

- लैङ्गिक विभेद भनेको के हो?
- चोरी डकैती भनेको के हो? यसका कारणहरू के के होलान्?
- छोरा र छोरीमा कस्तो कस्तो विभेद हुन्छ?
- जुवातासलाई किन सामाजिक समस्या र विकृति भनिन्छ?
- जुवातास लैङ्गिक विभेद र चोरी डकैतीलाई न्यूनीकरण गर्ने कुनै चारवटा उपायहरू लेख्नुहोस्।

**पाठ सम्बद्ध विषयमा आधारित छलफल र अन्तरक्रियाः**

क) लैङ्गिक विभेद भनेको के हो?

ख) चोरी भनेको के हो?

ग) तपाईंको परिवारमा छोरा र छोरीलाई फरक व्यवहार गरेको देख्नुभएको छ?

घ) चोरी डकैती रोक्ने उपायहरू के के हुन सक्छन्?

## १. चित्र हेरौं र बुझौंः









**प्रश्नहरू:**

क) माथिका चित्रहरूमा के देख्नुभयो?

उत्तरः ..........................................................................

ख) हाम्रो घर तथा समाजमा महिला र पुरुषबिच यस्तै असमानता देखिन्छ?

उत्तरः ..........................................................................

ग) चोरी डकैती गर्नु कस्तो कार्य हो?

उत्तरः ..........................................................................

घ) तपाईं आफ्नो समुदायमा चोरी भएको देख्नुभएको छ?

उत्तरः ..........................................................................

## २. कविता पढौं: समानता

लैङ्गिक विभेद र अन्याय हटाउँ
साँचो समानता दिलबाट ल्याउँ।
समान अवसर समान अधिकार
सबैलाई दिनु खुशीको समाचार॥





चोरी डकैती गलत काम
धनको लोभमा गुम्दछ नाम।
इमानदार बन सत्य खोज
अन्धकार हट्ने बाटो रोज ॥

काम र पढाइ सबैको साथी
सपना पूरा विश्वास राखी।
समानता र इमानको पथमा
सफलता ल्याउ सबैका हातमा।।



| सोधिएका प्रश्नहरू | जवाफ |
|---|---|
| पुरुष र महिलामा के हुनुपर्छ? | ...................................... |
| सबैलाई के दिनुपर्छ? | ...................................... |
| धनको लोभमा के गुम्न सक्छ? | ...................................... |
| कसको हातमा सफलता ल्याउनुपर्छ? | ...................................... |



## कक्षाकोठामा गुरुआमाको प्रवेश हुन्छ।

**गुरुआमा** : लैङ्गिक विभेद भनेको के हो? कसैले भन्न सक्नुहुन्छ?

**विद्यार्थी** : लैङ्गिक विभेद भन्नाले पुरुष महिलाबिचको भेदभावलाई बुझिन्छ। हैन र गुरुआमा ?



**गुरुआमा** : हो तिमीले ठिक भन्यौ। छोरा र छोरीमा विभेद भनेको के हो ? थाहा छ ?

**विद्यार्थी** : थाहा छैन गुरुआमा !

**गुरुआमा** : छोरा र छोरीमा विभेद भन्नाले शिक्षा, खेलकुदजस्ता अधिकार तथा अवसर छोरालाई मात्र दिनु तर छोरीलाई नदिनु हो।



**विद्यार्थी** : चोरी डकैती र जुवातास भनेको के हो ? गुरुआमा !

**गुरुआमा** : चोरी डकैती भनेको अरूको सम्पत्ति चोर्नु हो। अरूको घर तथा पसलमा पसेर सामान

निकाल्नु हो। चोरी डकैती गरिवी, अशिक्षा तथा खराब सङ्गतका कारण हुन्छ। यो सामाजिक समस्या हो।




विद्यार्थी : हामीले बुझ्यौं। जुवातास नि गुरुआमा ?

गुरुआमा : जुवातास गम्भीर सामाजिक समस्या हो। जुवातास जित हारको लागि खेलिन्छ। जुवातास, चोरी, डकैती, लैंगिक विभेदजस्ता खराब कार्यहरू हटाउन जनचेतना फैलाउनुपर्छ। समुदायको सक्रियतामा प्रहरीको सहयोग लिएर चोरी डकैती नियन्त्रण गर्न सकिन्छ।

## ३. तलका प्रश्नहरूको उत्तर लेख्नुहोस् :

क) लैङ्गिक विभेद भनेको के हो ?

उत्तरः ........................................................................

ख) छोरा र छोरीमा कस्तो विभेद हुन्छ ?

उत्तरः ........................................................................

ग) जुवातासलाई कस्तो समस्या हो ?

उत्तरः ........................................................................

घ) चोरी डकैती भनेको के हो ?

उत्तरः ........................................................................

## अ. ठिक उत्तरमा रेजा (√) लगाउनुहोस्।

क. जुवातास भनेको के हो?

अ. पारिवारिक खेल　　आ. स्वास्थ्यका लागि खेलिने खेल

इ. सम्पत्तिको सुरक्षा　　ई. हारजितका लागि खेलिने खेल

ख. अरूको घरमा पसेर सामान निकाल्नु के हो ?

अ. हिंसा गर्नु　　　　आ. लैङ्गिक विभेद

इ. चोरी गर्नु　　　　ई. राम्रो काम

ग. लैङ्गिक विभेद भनेको के हो ?

अ. नराम्रो व्यवहार　　　　आ. महिला र पुरुषमा हुने विभेद

इ. दुःख दिनु　　　　ई. सहयोग गर्नु

घ. लैङ्गिक विभेदलाई रोक्न के गर्नुपर्छ ?

अ. जनचेतना जगाउने　　　　आ. असमानता बढाउने

इ. सरसफाइ गर्ने　　　　ई. हौसला बढाउने

**आ. तपाईंको परिवारमा महिला र पुरुषले गर्ने दुई दुईवटा कामहरूको टिपोट गरी लेख्नुहोस्:**

| क.सं. | महिला सदस्यको काम | पुरुष सदस्यको काम |
|---|---|---|
| १ | .............................. | ...................................... |
| २ | .............................. | ...................................... |

असल समाजमा खलल पुग्ने खराब कार्यहरू नै विकृति हुन्। जस्तैः भेदभाव, अपराध, दुर्व्यसन, छुवाछुत, चोरी, डकैती आदि।





असल समाजलाई खराब बाटोमा हिँडाउन गरिने सामाजिक व्यवहारहरू जस्तैः लैंगिक भेदभाव, अपराध, चोरी, डकैती आदि सामाजिक समस्या हुन्।

४. समाजलाई असल बाटोमा हिँडाउने कुनै तीनवटा कार्यहरू लेख्नुहोस् :

..............................................................................

..............................................................................

..............................................................................

५. परियोजनात्मक कार्यः लैंगिक समानता देखाइएको तलको चित्रमा उचित रङ भर्नुहोस्।



# सिकाइ उपलब्धि मापन

## कक्षाः हाम्रो झिमरुक कक्षा २ (एकाइ पाँच)

### १. जोडा मिलाउनुहोस् :

| | |
|---|---|
| जुवातास | अशिक्षा तथा गरिबीको कारण |
| लैङ्गिक विभेद | हारजितको लागि खेलिने खेल |
| चोरी डकैती | महिला र पुरुषबिच गरिने विभेद |

### २. मिल्ने शब्द छानेर खाली ठाउँ भर्नुहोस् :

सामाजिक समस्या, घरबाहिर, हारजित, लैङ्गिक भिन्नता, चोरी

क) अरूको घरमा पसेर सामान निकाल्नु ............... गर्नु हो।

ख) महिला पुरुषमा फरक व्यवहार गर्नु ............... हो।

ग) जुवातास ............... का लागि खेलिने खेल हो।

घ) जुवातासलाई .............................. भनिन्छ।

### ३. ठिक भए (✓) बेठिक भए (×) चिह्न लगाउनुहोस् :

क) महिला र पुरुषमा गरिने विभेद नै लैङ्गिक विभेद हो। ☐

ख) जुवातास सामाजिक समस्या होइन। ☐

ग) अरूको घरमा पसेर सामान लैजानु चोरी डकैती हो। ☐

घ) गरिबी अशिक्षा र गलत सङ्गतका कारण चोरी हुने गर्छ। ☐

ङ) लैङ्गिक विभेद सामाजिक समस्या होइन। ☐

४. तलका प्रश्नहरूको छोटो उत्तर लेख्नुहोस्ः

क) लैङ्गिक विभेद भनेको के हो ?

उत्तरः ..........................................................................

ख) जुवातासलाई किन सामाजिक समस्या र विकृति भनिन्छ ?

उत्तरः ..........................................................................

ग) छोरा र छोरीमा कस्तो विभेद हुन्छ ?

उत्तरः ..........................................................................

घ) चोरी डकैती न्यूनीकरण गर्ने कुनै दुईवटा उपायहरू लेख्नुहोस्।

उत्तरः ..........................................................................

समाप्त।

एकाइ
६

# जलवायु परिवर्तन र विपद्

# पाठ–१ वातावरण प्रदूषण र विपद्

**विषयवस्तुः**

- वर्षा, बाढी, पहिरो, असिना

**विशिष्ट उद्देश्यः**

- प्राकृतिक घटनाको वर्णन गर्न।
- वर्षा र यसका असर बताउन।
- बाढीबाट हुने असर भन्न।
- पहिरो जाने कारण बताउन।
- पहिरोको रोकथामका उपाय बताउन।
- असिनाले पुऱ्याउने क्षति बताउन।
- विपद्बाट बच्ने उपायहरू लेख्न।

**विस्तृतीकरणः**

- प्राकृतिक रूपमा हुने विपद्हरू
- वर्षाका अवस्था र यसका असर
- बाढी र बाढीबाट हुने असर
- पहिरोका कारण बताउन र रोकथामका उपाय
- असिना र यसले पुऱ्याउने असर
- विपद्सँग बच्ने उपाय

**सिकाइ सहजीकरण क्रियाकलापः**

- विद्यार्थीहरूलाई प्राकृतिक घटनाभित्र पर्ने कुराहरू के के हुन भन्न लगाई मुख्य विषयवस्तुमा प्रवेश गर्ने।
- प्रकृतिक घटनाबारे पाठ्यवस्तु समेटिएको व्यानर, पम्प्लेट, भिडियोसहितका पाठ्यसामग्री निर्माण गरी वर्णन गराउने।

- वर्षा र यसका असरबारे छलफल तथा भिडियो निर्माण र प्रदर्शन गर्ने।
- बाढी तथा पहिरोका असर तथा चित्र प्रदर्शन गरी छलफल गराउने
- असिना कसरी पर्छ र यसले कसरी हानि गर्छ? भन्ने कुरा चित्र तथा भिडियो देखाई स्पष्ट पारिदिने
- प्राकृतिक विपद् बाढीपहिरो, वर्षा र असिनाबाट बच्ने उपायहरूका बारेमा खोजी तथा छलफल गराउने

**सम्भावित प्रश्नहरू (मूल्याङ्कन प्रक्रिया)**

- कुनै दुई प्राकृतिक घटना बताउनुहोस्।
- पानी पर्दा आउने समस्यालाई देखाई पहिचान गर्नुहोस्।
- प्राकृतिक विपद्बाट सावधान हुने तथा बच्ने कुनै तीन उपायहरू लेख्नुहोस्।
- असिनाले पुऱ्याउने कुनै दुईवटा असरहरू बताउनुहोस्।

**पाठ सम्बद्ध विषयमा आधारित छलफल र अन्तरक्रिया:**

क) विभिन्न मौसमको चित्र देखाई यो कस्तो मौसमको चित्र हो? सोध्ने।

ख) पानी परेपछि कस्तो असर हुन्छ?

ग) प्राकृतिक विपद् भनेको के हो?

घ) असिनाले हामीलाई कस्तो हानि पुऱ्याउँछ?

## १. चित्र हेरौँ र बुझौँ:





**प्रश्नहरू:**

क) चित्रमा के देख्नुभयो?

उत्तर: ............................................................................

ख) फरक फरक मौसममा हामीले के गर्दछौं?

उत्तर: ............................................................................

## २. कविता पढौं र बुझौं:

# वर्षा र बाढी

हुँदा वर्षा आकाशबाट
पहिरोको हुन सक्छ सङ्कट।
नदी बढ्छ, सडक डुब्छ
घर गोठ पानीले बगाउँछ।।

हामी मिलेर काम गरौं
नदी किनारमा घर नबनाऔं।
सधैं सावधानी अपनाऔं
बाढीको समय सुरक्षित बसौं।।

असिनाले खेती बर्बाद गर्‍यो
डाँडोबाट माटो तल सर्‍यो।
पहिरो आउँदा मनै डरायो
पानीले सबै घरखेत डुबायो।।

वृक्षरोपण नियमित गरौं ।
पानीको सही प्रयोग गरौं
पहिरो र असिनाबाट जोगिऔं
जीवनलाई खुसी बनाऔं।।

| सोधिएका प्रश्नहरू | जवाफ |
|---|---|
| आकाशबाट वर्षा हुँदा के हुन्छ? | ........................................ |
| नदीको किनारमा के बनाउनु हुँदैन? | ........................................ |
| कुन समयमा सुरक्षित रहनुपर्छ? | ........................................ |
| जीवनलाई कसरी सुरक्षित बनाउनुपर्छ? | ........................................ |

## ३. पाठ पढौँ र बुझौँः

प्रकृतिमा आउने प्रतिकूल अवस्थालाई प्राकृतिक विपद् भनिन्छ। बाढी, पहिरो, वर्षा, असिना प्राकृतिक विपद् हुन्।

|  |  |  |
|---|---|---|
| वर्षा | बाढी पहिरो | असिना |

पृथ्वीमा धेरै प्रकारका प्रकोपहरू आउँछन्। रातभरिको वर्षाले पहिरो गयो। बिहानसम्म पनि ढुङ्गाहरू खस्दै थिए। छिमेकी काका बजार जान निस्कनुभएको रहेछ। हजुरआमा पानी लिन पँधेरा जाँदै हुनुहुन्थ्यो। काकाले देखेर हजुरआमालाई पहिरो जादै गर्दा हिंड्यो भने ढुङ्गा खसेर चोट लाग्न सक्छ भनेर रोक्नुभयो। चैत महिनामा धेरै असिना



पर्दा अन्न बाली नोक्सान भयो। असिनाको कारण अन्नबाली भित्र्याउन पाइएन। काकाले पहिरोबाट बच्न बोट विरुवा रोप्नुपर्छ भन्नुभयो। वर्षायामको समयमा माइलो हजुरबुबा बेंसीतिर जाँदै हुनुहुन्थ्यो। बाटोमा खोला थियो। खोलामा अचानक बाढी आयो। सँगै अन्य मानिसहरू पनि

थिए। ती मानिसहरू खोला तर्न खोज्दै थिए। हजुरबुबाले तिनीहरूलाई रोक्नुभयो र बाढीबाट बच्न अग्लो ठाउँमा बस्नुपर्छ भनेर सबैलाई सिकाउनुभयो।

## अ. ठिक उत्तरमा रेजा (√) लगाउनुहोस्।

क. पहिरो जानबाट रोक्न के गर्नुपर्छ?

अ. माटो थुपार्ने | आ. विरुवा रोप्ने
इ. खेती गर्ने | ई. ढुङ्गा थुपार्ने

ख. आकाशबाट असिना पर्दा के नोक्सान हुन्छ?

अ. रूखबिरुवा | आ. गाईवस्तु
इ. अन्नबाली | ई. ढुङ्गामाटो

ग. वर्षातको कारण के हुन्छ?

अ. पहिरो जान्छ | आ. बाढी आउँछ
इ. खोला बढ्छ | ई. माथिका सबै

घ. बाढी, पहिरो, वर्षा, असिना के हुन्?

अ. प्राकृतिक विपद् | आ. ढुङ्गामाटो
इ. जनावर | ई. चराहरू

## आ. तलका प्रश्नहरूको उत्तर लेख्नुहोस् :

क) कुनै दुई प्राकृतिक घटना बताउनुहोस्।

उत्तरः ...........................................................................

ख) पानी पर्दा आउने समस्यालाई के भनिन्छ ? लेख्नुहोस्।

उत्तरः .................................................................

ग) प्राकृतिक विपद्बाट सावधान हुने तथा बच्ने कुनै दुईवटा उपायहरू लेख्नुहोस्।

उत्तरः ...........................................................................

घ) असिनाले पुऱ्याउने कुनै दुईवटा असर बताउनुहोस्।

उत्तरः ...........................................................................

४. परियोजनात्मक कार्यः तल दिइएको बाकसमा आकाशबाट पानी परेको चित्र बनाई उचित रङ लगाउनुहोस्।

## सिकाइ उपलब्धि मापन
## कक्षाः हाम्रो झिमरुक कक्षा २ (एकाइ छ)

१. जोडा मिलाउनुहोस् :

| | |
|---|---|
| वर्षा | वर्षाको समयमा माटो ढुङ्गा खस्नु |
| पहिरो | आकाशबाट जमिनमा पानी झर्नु |
| बाढी | आकाशको पानी बरफ बनेर खस्नु |
| असिना | नदी तथा खोल्सामा पानीको मात्रा बढ्नु |

## २. मिल्ने शब्द छानेर खाली ठाउँ भर्नुहोस् :

| विरुवा, पहिरो, सुरक्षित, अग्लो ठाउँमा |
|---|

क) पहिरो जानबाट रोक्न ...................... रोप्नुपर्छ।

ख) वर्षा धेरै हुँदा ...................... जानसक्छ।

ग) बाढी आउँदा ...................... बस्नुपर्छ।

घ) प्राकृतिक विपद्को समयमा ...................... हुनुपर्छ।

## ३. ठिक भए (✓) बेठिक भए (×) चिह्न लगाउनुहोस् :

क) असिनाले खेतीबाली नोक्सान गर्दछ। ☐

ख) पहिरो जानबाट रोक्न माटो थुपार्नुपर्छ। ☐

ग) प्राकृतिक विपद् हुँदा सुरक्षित रहनुपर्छ। ☐

घ) पानी पर्दा बाढी, पहिरो जाने समस्या उत्पन्न हुँदैन। ☐

ङ) पहिरो जाँदा धेरै ठूलो क्षति हुन सक्छ। ☐

## ४. तलका प्रश्नहरूको छोटो उत्तर लेख्नुहोस्:

क) कुनै दुई प्राकृतिक घटना बताउनुहोस्।

उत्तरः ..........................................................................

ख) बाढी पहिरोबाट बच्ने कुनै एकवटा उपाय लेख्नुहोस्।

उत्तरः ..........................................................................

ग) असिनाले पुऱ्याउने कुनै एकवटा असर बताउनुहोस्।

उत्तरः ..........................................................................

समाप्त।

एकाइ

८

# जीवनोपयोगी सिप

# पाठ-१ जीवनोपयोगी सिप

**विषयवस्तुः**

- समय व्यवस्थापन र अनुशासन

**विशिष्ट उद्देश्यः**

- उपयुक्त समयमा कामको प्रकृतिअनुसार समयको उचित व्यवस्थान गर्न।
- आगन्तुक, गुरु र परिवारका सदस्यहरूसँग आदर सूचक शब्दको प्रयोग गरी संवाद गर्ने।
- विद्यालय, समाज, घरपरिवार, गुरु र आफन्तहरूसँग अनुशासित व्यवहार प्रदर्शन गर्न।

**विस्तृतीकरणः**

- दैनिक रूपमा सुत्ने र उठ्ने समय
- खाना तथा खाजा खाने समय, खेल्ने समय र विद्यालयको समयको व्यवस्थापन
- विद्यालय, समाज, घरपरिवार, साथीभाइ, आफन्त तथा गुरु र गुरुआमासँगको अनुशासनको प्रयोग

**सिकाइ सहजीकरण क्रियाकलापः**

- तपाईंहरू बेलुका कति बजे सुत्नुहुन्छ? बिहान कति बजे उठ्नुहुन्छ? कति बेर खेल खेल्नुहुन्छ? कति समय अगाडि विद्यालय जान तयार हुनुहुन्छ? आदि प्रश्नहरूको उत्तर विद्यार्थीहरूबाट खोजी गर्दै विषयवस्तुलाई अगाडि बढाउने।

- चित्रबाट खाने, सुत्ने, उठ्ने, समय तालिका देखाउँदै समय व्यवस्थापनका बारेमा खुलस्त बताइदिने ।
- नम्र बोली, मिठो शब्द, झुकेको शरीर, खसल व्यवहार आदिले अनुशासन छ छैन भन्ने आदि कुरा प्रष्ट पार्दै अनुशासन सबैको अमूल्य गहना हो भन्ने कुरा स्पष्ट परिदिने।
- परिवार, समाज, विद्यालय, आफन्त आदिसँग शिष्ट व्यवहार प्रस्तुत गर्ने वृत्त चित्र वा तालिका देखाएर अनुशासनको बारेमा विद्यार्थीहरूलाई स्पष्ट पार्ने।

### सम्भावित प्रश्नहरू (मूल्याङ्कन प्रक्रिया)

- तपाईं परीक्षामा कसरी समय व्यवस्थापन गर्नुहुन्छ? आफ्नो प्रश्नपत्रमा दिइएको समयअनुसार उत्तर दिनुहोस्।
- तपाईंको घर परिवारका सदस्यहरू, गुरु तथा गुरुआमाहरू, साथीहरू, आफन्तसँग कुराकानी गर्दा कुन कुन शब्द प्रयोग गर्नुहुन्छ?
- अपरिचित व्यक्तिलाई पहिलो पटक भेट्दा के भनेर संवाद गर्नुहुन्छ?
- विद्यार्थीहरूले किन अनुशासनको पालना गर्नुपर्छ?

### पाठ सम्बद्ध विषयमा आधारित छलफल र अन्तरक्रिया:

- आफन्तसँग कुराकानी गर्दा कुन कुन शब्द प्रयोग गर्नुहुन्छ?
- अपरिचित व्यक्तिसँग कुरा गर्दा कसरी कुराकानी गर्नुपर्छ?
- समयको महत्व भनेको के हो?
- समयको महत्व किन रहेको छ?
- परीक्षामा आफ्नो समय कसरी व्यवस्थापन गर्नुहुन्छ?

## १. चित्र हेरौं र बुझौं:



**प्रश्नहरू:**

१)चित्रमा के देख्नुभयो?

उत्तरः .............................................

२)गुरु र विद्यार्थीमा देखिएको अनुशासन कस्तो छ?

उत्तरः .............................................

३)हामी किन अनुशासित हुनुपर्छ?

उत्तरः .............................................

## २. पाठ पढौं, बुझौं :

*(नानी बाबुहरू आज हामीले समयलाई कसरी व्यवस्थापन गर्न सकिन्छ र अनुशासनको बारेमा छलफल गर्नेछौं।)*

| | | |
|---|---|---|
|  |  |  |
| घडी | घण्टी | अनुशासन |

गुरुआमा : नमस्ते ! नानीबाबु तपाईंहरू सञ्चै हुनुहुन्छ?

विद्यार्थी : सञ्चै छौं, धन्यवाद गुरुआमा ! तपाईंलाई कस्तो छ?

गुरुआमा : म पनि सञ्चै छु। तपाईंहरूले हिजोको गृहकार्य पूरा गर्नुभयो?

विद्यार्थी : हामी सबैले पूरा गरेका छौं।

गुरुआमा : स्याबास् ! आज हामी समयको व्यवस्थापन कसरी गरिन्छ भन्ने कुरा सिकौं है त।

विद्यार्थी : हवस् ! गुरुआमा।

गुरुआमा : तपाईंहरू बिहान कति बजे उठ्नुहुन्छ ?

विद्यार्थी : बिहान ६ बजे गुरुआमा।

गुरुआमा : यसरी नै समयमा उठ्ने गर्नुपर्छ। यसले हामीलाई अनुशासित बनाउँछ।

विद्यार्थी : कसरी अनुशासित बनाउँछ गुरुआमा?

गुरुआमा : अनुशासन भनेको आफूले आफूलाई नियममा राखेर काम गर्नु हो। हामी सधैं बिहान ६ बजे उठ्नुपर्छ। ६:३० बजे हातमुख धोएर ७:०० बजे खाजा खाएर पढ्न बस्नुपर्छ। ८:३० बजेदेखि ९:०० बजेसम्म खाना खाएर १०:०० बजेभन्दा अगाडि विद्यालय पुग्नुपर्छ। ४:०० बजेसम्म पठनपाठन गर्ने र घरमा आएर खाजा खाएपछि ६:०० बजेसम्म गृहकार्य सकेर ७:०० बजेसम्म खेल्न जानु पर्छ। बेलुकाको ८:०० बजे खाना खाएर एकछिन् समाचार हेरेर ९:०० बजे सुत्नुपर्छ। हामीले नियमित तालिका बनाएर समयको व्यवस्थापन गर्नुपर्छ। यसरी सही समयमा सही कार्य गर्नु अनुशासित हुनु हो। तपाईंहरूलाई थाहा छ, हामीहरू मान्यजनसँग कसरी बोल्नुपर्छ?

विद्यार्थी : आदर गरेर गुरुआमा !

गुरुआमा : स्याबास् ! तपाईंहरूले ठिक भन्नुभयो। हामीले परिवारका सदस्यहरूसँग नम्र शिष्ट, मिठा शब्द प्रयोग गरेर बोल्नुपर्छ। असल व्यवहार गर्नुपर्छ। हामीले आफूभन्दा ठूलालाई आदर गरेर र आफूभन्दा सानासँग माया गरेर बोल्नुपर्छ। अपरिचित व्यक्तिसँग बोल्दा शिष्ट शब्द प्रयोग गरेर तथा नम्र भएर बोल्नुपर्छ। अनुशासन नै हाम्रो अमूल्य गहना हो। अनुशासन नभएको मानिस लगाम विनाको घोडा जस्तै हुन्छ। त्यसकारण हामीहरू सधैं नियममा बस्नको लागि अनुशासनको पालना गर्नुपर्छ।

विद्यार्थी : गुरु तथा गुरुआमासँग पनि नम्र बोल्नुपर्छ। हैन र गुरुआमा?

गुरुआमा : तपाईंले ठिक भन्नुभयो। परिवार, आफन्त, मान्यजन, छिमेकी, गुरुहरू सबैसँग शिष्ट अनुशासित व्यवहार प्रस्तुत गर्नुपर्छ। हामीले अरूसँग कुराकानी गर्दा नमस्कार, धन्यवाद, स्याबास्, प्रणाम, कृपया, माफ गर्नुहोस् आदिजस्ता शब्दहरू प्रयोग गर्नुपर्छ।

विद्यार्थी : आज हामीले धेरै कुरा सिक्यौं है, धन्यवाद् गुरुआमा !

*(घण्टी बज्छ। गुरुआमा कक्षाकोठबाट बाहिर जानुहुन्छ)।*

### अ. ठिक उत्तरमा रेजा (√) लगाउनुहोस्।

क. हामी सधैं के मा रहनुपर्छ?

अ. इज्जत आ. माया

इ. सम्पत्ति ई. अनुशासन

ख. हामीले कसरी समयको व्यवस्थापन गर्नुपर्छ?

अ. किताब अध्ययन गरेर आ. खानाको व्यवस्थापन गरेर

इ. समय तालिका बनाएर ई. अनुशासनमा रहेर

ग. आफूभन्दा ठूलालाई के गर्नुपर्छ?

अ. नराम्रो व्यवहार आ. आदर

इ. दुःख दिनु ई. सहयोग

घ. अनुशासन के हो?

अ. अमूल्य गहना आ. झुट कुरा

इ. वरदान ई. सम्बन्ध

## आ. तलका प्रश्नको उत्तर लेख्नुहोस् :

क) तपाईंले आफ्नो दैनिक क्रियाकलापको समय कसरी व्यवस्थापन गर्नुहुन्छ?

उत्तरः ..............................................

ख) तपाईंको घर परिवारका सदस्यहरू, गुरुहरू, साथीहरू र आफन्तसँग कुराकानी गर्दा कुन कुन शब्द प्रयोग गर्नुहुन्छ? लेख्नुहोस्।

उत्तरः ..............................................

ग) अपरिचित व्यक्तिलाई पहिलो पटक भेट्दा के भनेर कुराकानी गर्नुहुन्छ? लेख्नुहोस्।

उत्तरः ..............................................

घ) विद्यार्थीले किन अनुशासनको पालना गर्नुपर्छ?

उत्तरः ..............................................

## ३. पढौँ र बुझौँ :

विनिता नेपाली कक्षा २ मा पढ्छिन्। विहान सबेरै ६ बजे उठेपछि हातमुख धुन्छिन्। खाजा खाएर पढ्न बस्छिन्। उनी ठिक ९ बजे विद्यालय जान्छिन्। विद्यालयमा खाने दिउँसोको खाजा घरबाट लगेर जान्छिन्। विनिताले घर बाहिरको खाना खाँदैनिन्। घरबाहिर जाँदा धुलो धुवाँबाट बच्नको लागि सधैं मास्क लगाउँछिन्। विनिताले विद्यालयबाट आएपछि झोला तथा पोसाक निश्चित ठाउँमा राख्छिन्। आफ्नो जुत्तामा पालिस आफै लगाउँछिन्। करेसाबारीमा पनि आमालाई काममा सघाउँछिन्।

| सोधिएका प्रश्नहरू | जवाफ |
|---|---|
| विनिता कति कक्षामा पढ्छिन्? | .................................. |
| विनिताले खाजा खाएर के गर्छिन्? | .................................. |
| विनिता कति बजे विद्यालय जान्छिन्? | .................................. |
| विनिताले आमालाई के गर्छिन्? | .................................. |

## ४. परियोजनात्मक कार्यहरू:

क) विद्यार्थीहरूलाई शिष्टता र सम्मानका साथ नमस्ते, धन्यवाद, कृपया र माफ गर्नुहोस् जस्ता शब्दहरू प्रयोग गरेर कक्षाकोठामा संवाद गराउनुहोस्।

ख) आफ्ना परिवारका सदस्य तथा अभिभावकको सहयोगमा विद्यार्थीहरूलाई अनुशासनको बारेमा तीनवटा वाक्यहरू लेखेर ल्याउन लगाउनुहोस् र भोलिपल्ट कक्षा कोठामा सुनाउन लगाउनुहोस्।

# सिकाइ उपलब्धि मापन
## कक्षाः हाम्रो झिमरुक कक्षा २ (एकाइ सात)

१. जोडा मिलाउनुहोस् :

गुरुआमा



विद्यार्थी



घण्टी



घडी



## २. मिल्ने शब्द छानेर खाली ठाउँ भर्नुहोस् :

| |
|---|
| शिष्ट, माया, नम्र, अमूल्य, आदर, समय तालिका |

क) आफूभन्दा सानालाई ........................ गर्नुपर्छ।

ख) हामीले परिवारका सदस्यहरूसँग ........................ बोल्नुपर्छ।

ग) आफूभन्दा ठूला मानिसलाई ........................ गरेर बोल्नुपर्छ।

घ) अनुशासन हाम्रो ...................... गहना हो।

ङ) हामीले ................... बनाएर समयको व्यवस्थापन गर्नुपर्छ।

## ३. ठिक भए (✓) बेठिक भए (×) चिह्न लगाउनुहोस् :

क) आफूभन्दा ठूलालाई आदर गर्नुपर्छ। ☐

ख) आफूभन्दा सानालाई आदर गर्नुपर्छ। ☐

ग) हामीले तालिका बनाएर समयको व्यवस्थापन गर्नुपर्छ। ☐

घ) अपरिचित व्यक्तिलाई भेट्दा रूखो बोली बोल्नुपर्छ। ☐

## ४. तलका प्रश्नहरूको छोटो उत्तर लेख्नुहोस्:

क) तपाईंले दैनिक समय व्यवस्थापन कसरी गर्नुहुन्छ ? लेख्नुहोस्।

उत्तरः ..................................................................................

ख) तपाईं आफ्नो घर परिवारका सदस्यहरू, गुरु तथा गुरुआमाहरू, साथीहरू, आफन्तसँग कुराकानी गर्दा कुन कुन शब्द प्रयोग गर्नुहुन्छ? सूची बनाउनुहोस्।

उत्तरः ..................................................................................

ग) विद्यार्थीहरूले किन अनुशासनको पालना गर्नुपर्छ?

उत्तरः ..................................................................................

समाप्त।

एकाइ

# ८

# हाम्रो विकास र सम्भावना



# पाठ-१ झिमरुकको विकास, सम्भावना, संरक्षण र सहभागिता

**विषयवस्तुः**

- आफ्नो समुदायका विकासका गतिविधि
- रातोमाटाका खानीहरू

**विशिष्ट उद्देश्यः**

- आफ्नो वरपरका बाटोघाटो खानेपानी, कुलो, तथा सार्वजनिक भवनको अवलोकन गरी विकासका कार्यहरूको वर्णन गर्न।
- घर सरसफाइमा रातोमाटोको उपयोगिता र स्थानीय स्तरमा रहेका माटाका खानीहरू बताउन।

**विस्तृतीकरणः**

- आफ्नो घर वरपर भइरहेका बाटोघाटो खानेपानी, कुलो, तथा सार्वजनिक भवन निर्माणको काम
- दैनिक रूपमा घर सफाइमा प्रयोग हुने रातोमाटो यसको खानी र उपयोग

**सिकाइ सहजीकरण क्रियाकलापः**

- विद्यार्थीहरूलाई क्षेत्र भ्रमण गराउने र त्यहाँको विकास निर्माणको अवस्था देखाई छलफल गर्ने गराउने।
- सम्पन्न भएका विकास निर्माणका कार्यको सूची सम्पन्न नभएका विकासका कार्यको सूची बनाउन लगाउने।
- रातामटाका खानीको अवलोकन भ्रमण गराई रातोमाटोको प्रयोगको महत्त्व बारेमा अनुच्छेद गर्न लगाउने।

**सम्भावित प्रश्नहरू (मूल्याङ्कन प्रक्रिया)**

- तपाइको वरपर विकासका के कामहरू भइरहेका छन्?
- दैनिक घर सरसफाइमा रातोमाटोको प्रयोग किन गरिन्छ?
- तपाईंको नजिकमा रहेका कुनै दुईवटा रातोमाटाको खानीहरूको नाम बताउनुहोस्।

**पाठ सम्बद्ध विषयमा आधारित छलफल र अन्तरक्रियाः**

क) तपाईंको घरनजिकै के के विकास भएको छ?

ख) तपाईंले रातोमाटो देख्नुभएको छ?

ग) रातो माटोले कुन काममा प्रयोग गरिन्छ?

घ) तपाईंले रातामाटाको खानी देख्नुभएको छ?

## १. चित्र हेरौं र बुझौंः









**प्रश्नहरू:**

क) माथिको चित्रमा देखिएका तस्वीरहरू हेरेर के बुझ्नुभयो?

उत्तरः ..........................................................................

ख) तपाईंको घर वरपर कुन कुन विकासका कार्यहरू (जस्तैः सडक, अस्पताल, विद्यालय, खानेपानी आदि) भएका छन्?

उत्तरः ..........................................................................

ग) तपाईंको घर वरपर माटोका खानीहरू देख्नुभएको छ?

उत्तरः ..........................................................................

घ) तपाईंको घर लिपपोत गर्ने रातोमाटो कहाँबाट ल्याउनुहुन्छ?

उत्तरः ..........................................................................

## २. कविता पढौं:

मेरो टोलमा राम्रो बाटो छ
त्यसैले पढ्न जान सजिलो भएको छ।
खानेपानीको धारा पनि छ
खोला कुवा पोखरी पनि छ॥

कुलोको पानी बग्छ खेतमा
बाटोघाटो बनेको छ गाउँमा।
साथीसँग बगैंचामा घुम्छु
रमाइलोसँग खुसी साट्छु॥

| सोधिएका प्रश्नहरू | जवाफ |
|---|---|
| टोलमा के राम्रो छ? | ...................................... |

| | |
|---|---|
| टोलमा के को धारा छ? | ..................................... |
| कुलोको पानी कहाँ बग्छ? | ..................................... |
| के गरेर खुसी साटिन्छ? | ..................................... |

## ३. पाठ पढौँः

हाम्रो झिमरुक गाउँपालिकामा विकास निर्माणका कार्यहरू धेरै भइरहेका छन्। हाम्रो घर वरपर खानेपानी बाटोघाटो विद्यालय र अन्य सार्वजनिक भवनहरूको निर्माण भइरहेको छ। हाम्रो झिमरुकको प्रत्येक वडामा खानेपानीको व्यवस्था भएको छ। यसलाई नै विकास भनिन्छ।

हाम्रो घर दैनिक रूपमा लिपपोत गर्नका लागि रातोमाटोको प्रयोग गर्छौं। यस बाहेक दशैं, पूजाआजा तथा चाडपर्वका समयमा लिपपोत गर्न प्रयोग गर्छौं। रातोमाटोको प्रयोगले घरको सौन्दर्य र सांस्कृतिक महत्वलाई बढाउँछ। झिमरुक गाउँपालिकाका विभिन्न स्थानहरूमा रातोमाटोका खानीहरू रहेका छन्। रातो माटो झिमरुक गाउँपालिकाको वडा नं १ पोखरी डाँडा र गतिना जाबुने, वडा नं ३ दारिमचौर, वडा नं ५ ओखरकोट, वडा नं ६ निन्युखर्क, वडा नं ७ पिडाल्ने, छिपछिपे र जाबुनेबाटा, वडा नं ८ फूलबारी राताामाटा र गब्दी भण्डारी पोखरालगायतका ठाउँहरूमा रातोमाटो पाइन्छ।

रातोमाटोको प्रमुख उपयोगहरू निम्न प्रकारका छन्ः

- घरको लिपपोत तथा सरसफाइ गर्न।
- इँटा र टाइल उत्पादन गर्न।
- माटोका भाँडाकुँडा बनाउन।
- पेन्ट तथा सजावटका लागि।
- निर्माण कार्यमा प्रयोग गर्न।

## अ. ठिक उत्तरमा रेजा (√) लगाउनुहोस्।

क. रातोमाटो के बनाउन प्रयोग गरिन्छ?

अ. ढुङ्गा　　आ. तरकारी

इ. इटा　　ई. खाना

ख. झिमरुक गाउँपालिकाको प्रत्येक वडामा के को व्यवस्था रहेको छ?

अ. खानेपानी　　आ. नहर

इ. सिँचाइ　　ई. अस्पताल

ग. गतिना जाबुने माटोको खानी कहाँ रहेको छ?

अ. वडा नं ५　　आ. वडा नं ३

इ. वडा नं ६　　ई. वडा नं १

घ. रातो माटोले घर लिपपोत गर्दा के हुन्छ?

अ. घरको सौन्दर्य बढ्छ　　आ. घरको सौन्दर्य बिग्रन्छ

इ. घरको सौन्दर्य घट्छ　　ई. घर राम्रो हुँदैन

## आ. तपाईंको टोल तथा वडामा रहेका कुनै दुईवटा विकास निर्माणका कामहरूको सूची बनाएर लेख्नुहोस्।

| क्र.सं | विकास निर्माणका सूचीहरू |
|---|---|
| १. | ........................................ |
| २. | ........................................ |

## इ. एक शब्दमा उत्तर लेख्नुहोस् :

क) हाम्रो घर वरपर खानेपानी, बाटोघाटो, विद्यालय बनेका हुन्छन् त्यसलाई के भनिन्छ?

उत्तर: ........................................................................

ख) दैनिक रूपमा घर सफा गर्नको लागि के प्रयोग गरिन्छ?

उत्तर: ........................................................................

## ४. पढौं र बुझौं: माटोको उपयोग

माटो जीवनको महत्वपूर्ण हिस्सा हो। माटोमा बाली उब्जाउन सकिन्छ। माटोले हामीलाई अन्न उत्पादन गर्न मद्दत गर्छ। घर बनाउन पनि माटोको प्रयोग गरिन्छ। विशेषत: रातोमाटोको प्रयोग गरेर घरहरू, घरका चुल्हो र पाला बनाउन सकिन्छ। माटोको प्रयोगबाट विभिन्न भाँडाकुँडा, मूर्तिहरू र अन्य हस्तकलाका सामानहरू पनि बनाइन्छ। यसरी माटो हाम्रो दैनिक जीवनको विभिन्न पक्षसँग जोडिएको छ।

### प्रश्नहरू

१) माटोमा के उब्जाउन सकिन्छ?

उत्तर: ................................................................................

२) माटोबाट कुन कुन सामानहरू बनाउन सकिन्छ?

उत्तर: ................................................................................

५. परियोजनात्मक कार्यः तल दिइएको चित्रमा उचित रङ भर्नुहोस् :



# सिकाइ उपलब्धि मापन

## कक्षाः हाम्रो झिमरुक कक्षा २ (एकाइ आठ)

### १. जोडा मिलाउनुहोस् :

| | |
|---|---|
| खानेपानी | शैक्षिक संस्था |
| विद्यालय | धारो |
| बाटोघाटो | खानी |
| रातोमाटो | सडक पूर्वाधार |

### २. मिल्ने शब्द छानेर खाली ठाउँ भर्नुहोस् :

| रातो माटोको, घरको लिपपोत, खानेपानी, झिमरुक गाउँपालिकामा |
|---|

क) विकास निर्माणका कार्यहरू .................. भइरहेका छन्।

ख) प्रत्येक वडामा .................. को व्यवस्था रहेको छ।

ग) रातोमाटोलाई .................. मा प्रयोग गरिन्छ।

घ) घर निर्माण कार्यमा .................. उपयोग गरिन्छ।

## ३. ठिक भए (✓) बेठिक भए (×) चिह्न लगाउनुहोस् :

क) हाम्रो वरपर विकास निर्माणका कार्यहरू भएका छन्। ☐

ख) ओखरकोट वडा नं ५ मा रातोमाटोको खानी रहेको छ। ☐

ग) रातोमाटोबाट भाँडाकुँडाहरू बनाउन सकिँदैन। ☐

घ) रातो माटोले भुईँ पोत्ने काम गरिन्छ। ☐

## ४. तलका प्रश्नहरूको छोटो उत्तर लेख्नुहोस्:

क) दैनिक घरको सरसफाइमा रातो माटोको प्रयोग किन गरिन्छ?

उत्तरः ..........................................................................

ख) तपाईंको टोल तथा समुदाय नजिकै विकास निर्माणका के कामहरू भएका छन्? सूची बनाउनुहोस्।

उत्तरः ..........................................................................

..........................................................................

..........................................................................

..........................................................................

ग) तपाईंको घरनजिक रहेका कुनै दुई रातोमाटोको खानीहरूको नाम बताउनुहोस्।

उत्तरः ..........................................................................

..........................................................................

समाप्त।

## टिपोट:

## टिपोटः